मिति २०७३/९/२१

बिहान ७:१५ बजे

यस नगरपालिकाको २२ औं नगर परिषद नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री जगत प्रसाद भुसालको अध्यक्षतामा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति**

श्री जगत प्रसाद भुसाल - प्रमुख एवं कार्यकारी अधिकृत,

**आमन्त्रित**

श्री विनोद बाबु खकुराल - योजना तथा शहरी विकास शाखा प्रमुख,

श्री उज्वल विक्रम थापा - सामाजिक विकास शाखा प्रमुख,

श्री कुमार थापा - राजश्व शाखा प्रमुख,

श्री राजेन्द्र कुमार गजुरेल - आर्थिक प्रशासन शाखा प्रमुख,

श्री खड्ग बहादुर मगर – प्रशासन शाखा प्रमुख,

श्री इश्वर बहादुर दर्लामी - जिन्सी उपशाखा प्रमुख,

श्री चक्र बहादुर मगर - पंजिकरण उपशाखा प्रमुख,

श्री प्रकाशचन्द्र कार्की - जनस्वास्थ्य तथा वातारण शाखा प्रमुख,

## पारित निर्णयहरु

1. नगरपालिका बैठकबाट प्रस्तावित नगरपालिका कार्यालयबाट आगामी आ.व.मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको बाँडफाँड स्वीकृत गरि सो अनुसार कार्यान्वयन गर्ने अधिकार नगरपालिकालाई प्रदान गर्ने ।
2. उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको लागि ठोस संरचना निर्माणमा न्यूनतम २५% र अन्य कार्यका लागी कुल लागतको न्यूनतम ३०% जनसहभागिता लागू गर्ने ।
3. यस नगरपालिकाको नियमित कार्य संचालन तथा विकास निर्माण लगाएतका विषयहरुमा २१ औँ नगरपरिषद् पश्चात मिति २०७३।०९।२० सम्म न.पा कार्यालय (बोर्ड बैठक समेत) बाट भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने ।
4. यस नगरपालिकाको मिति २०७३/०६/२० मा सम्पन्न विशेष नगरपरिषदबाट भएका सम्पूर्ण निर्णयहरुको स्वामित्व ग्रहण गरी अनुमोदन गर्ने ।

5. आ.व. ०७३/०७४ को वार्षिक तलबी प्रतिवेदन स्वीकृत गर्ने मिति २०७३/४/१६ को बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

6. यस न.पा. को आ.व. ०७२।०७३ मा सम्पादित कार्यको सामाजिक परीक्षण गरी पेश भएको प्रतिवेदन माथि छलफल गर्दा आगामी दिनमा कार्यक्रम स्वीकृति तथा कार्यान्वयन प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई समेत मध्यनजर गर्न न.पा. लाई निर्देशन दिने ।

7. आ.व. ०७२।०७३ को यस न.पा. को वार्षिक जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरु समेटी कार्यान्वयन गर्ने गरी अनुमोदन गर्ने । साथै जिन्सी लिलामी र विगतका आ.व. हरुमा लिलामीको लागी पटक पटक सूचना प्रकाशन गर्दा पनि लिलाम सकार नभएको सामानहरुको प्रकृति हेरी मिनाहाको प्रकृयालाई यथाशीघ्र अगाडी बढाउनको लागी परिषदको अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने ।

8. यस न.पा.को लेखा प्रणालीलाई क्रमशः प्रोद्भावी लेखाप्रणाली (Accural Accounting System) मा लैजाने ।

9. यस न.पा. क्षेत्र भित्र रहेका धार्मिक मठमन्दिर, गुम्बा, चर्च सार्वजनिक जग्गा तथा सार्वजनिक सम्पदाहरुको खोजी गरी अभिलेखीकरण गर्ने र नगरपालिकाको Website Update गर्ने साथै सार्वजनिक सम्पदाको संरक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउने ।

10. यस न.पा. को लागी आवश्यक पर्ने अस्थायी प्रकृतिका कार्यहरुको लागी सेवा करारमा लिने र कार्यरत कर्मचारीहरुको करार म्याद थप गर्ने निर्णय अधिकार नगर प्रमुख/कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्ने ।

11. न.पा को न्युनतम शर्त तथा कार्य सम्पादन मापन कार्य विधि २०६६ (परिमार्जन र संशोधन सहित) बमोजिम आ.व. ०७१।०७२ को MCPM मूल्याङ्कनको नतीजाबारे सरोकारवालालाई जानकारी गराई सो उपर व्यापक छलफल गरी मूल्याङकनको क्रममा प्राप्त सुझावहरुलाई कार्यान्वयनमा प्रभावकारी बनाउने । साथै स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट प्रकाशित नतीजामा यस नगरपालिका ७ औं स्थानमा पर्न सफल भएकोमा उक्त स्थान हासिल गर्नको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवाला संघ, संस्था, व्यक्ति तथा कार्यरत कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने ।

12. आ.व. ०७१/०७२ को MCPM मूल्याङ्कनमा यस नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको हुँदा सङ्घीय मामिला तथा स्थानीय विकास मंत्रालयको च.नं. मिति को पत्र मार्फत पुरस्कार स्वरुप सो आ.व.मा कार्यरत कर्मचारीहरुको लागी रु. १,२५,०००।- (एक लाख पच्चिस हजार रुपैयाँ) मात्र आन्तरिक श्रोतबाट उपलब्ध गारउने भनी लेखी आए अनुसार यस नगरपालिकाको आन्तरिक श्रोतबाट उक्त पुरस्कार कार्यरत कर्मचारीहरुको जिम्मेवारी अनुसार उपलब्ध गराउने ।

13. जिम्मेवारी अनुसारका कार्यालयको काम कार्यवाहीलाई छिटो छरितो र व्यवस्थित गरि जनमुखी सेवा दिने उद्देश्यले कामको चाप र प्रकृति अनुसार प्रत्येक शाखाको कारवाहीलाई चुस्त तथा मितव्ययी बनाउन कार्यालयको समय सापेक्ष सङ्गठन विकास अध्ययन प्रतिवेदन तयार भई मिति २०७३/०६/२० मा सम्पन्न विशेष नगरपरिषदबाट स्वीकृत भईसकेको हुँदा उक्त प्रतिवेदनलाई तत्काल कार्यान्वयनमा लैजाने ।

14. स्थानीय स्वायत्त शासन (आठौं संशोधन) नियमावली, २०७३ को नियम १२५ख१ उपनियम (१), (२), (४) तथा (५) मा उल्लेख भए अनुसार कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा बढुवा हुने कर्मचारीहरुको हकमा हालको स्वीकृत दरवन्दीमा नै समायोजन गरी उपनियम (६) बमोजिम पद र तह बमोजिम जेष्ठता समेतका आधारमा पदस्थापन गर्ने ।

15. आ.व. ०७२।०७३ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन स्वीकृत गरी प्राप्त सुझावहरु कार्यान्वयन गर्ने ।

16. आ.व. ०७२/०७३ मा संचालित कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन समितिबाट विभिन्न मितिमा अनुगमन पश्चात समग्र विषय वस्तु समेटी पेश भएको प्रतिवेदन उपर मिति २०७३/३/३१ को नगरपालिका बोर्ड बैठकको निर्णय अनुमोदन गर्दै प्राप्त सुझाबहरु कार्यान्वयन गर्ने ।

17. आ.व. ०७३/०७४ मा संचालन हुने योजना तथा कार्यक्रमहरुको सन्दर्भमा खरिद इकाईबाट तयार भई पेश भएको वार्षिक खरिद योजना र योजना तथा शहरी विकास शाखाबाट तयार भई पेश भएको वार्षिक कार्यक्रम कार्यान्वयन (कार्य) योजना स्वीकृत गर्ने २०७३/३/०२ को नगरपालिका बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

18. आ.व. २०७२/०७३ मा नगरक्षेत्रभित्रका बजार तथा मासु पसल अनुगमन गरी अनुगमनका क्रममा देखिएका विषयवस्तु समेटेर नगरपालिका बोर्ड बैठक समक्ष पेश भएको प्रतिवेदन माथी मिति २०७३/३/३१ को बोर्ड बैठकबाट भएको निर्णय अनुमोदन गर्दै प्राप्त सुझाबहरु कार्यान्वयन गर्ने र अनुगमनको कार्यलाई नियमितता दिन सम्बन्धित शाखलाई निर्देशन दिने ।

19. आ.व. ०७२।०७३ मा सम्पादित योजना तथा कार्यक्रमहरुको जाँचपास तथा फरफारक गर्ने सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने । साथै यस चालु आ.व. २०७३/०७४ र आगामी आ.व. २०७४/०७५ मा संचालन हुने योजना तथा कार्यक्रमहरुको हकमा नगरस्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको सिफारिसको आधारमा जाँचपास एवं फरफारकका लागि नगर प्रमुख/कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

20. यस न.पा. मा रहेको फोहोरमैला व्यवस्थापनका लागि आवश्यक सवारी साधन अपुग भएकोले थप सवारी साधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

21. वातावरण संरक्षणका लागि अन्य सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय र सहयोग लिई न.पा. क्षेत्र भित्र वृक्षारोपण तथा जनचेतनामूलक कार्यक्रम गर्ने ।

22. आ.व. ०७३।०७४ मा हाल प्रस्ताव गरिएको आय बाहेक अन्य कुनै श्रोतबाट रकम प्राप्त भई पूँजीगत क्षेत्र तर्फका कार्य गर्नुपर्ने अवस्था आएमा सो का लागि वडास्तरबाट प्रस्ताव भई आएका कार्यक्रमहरु मध्येबाट प्राथमिकताका आधारमा छनौट गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने ।

23. आ.व. ०७२।०७३ को अन्तिम लेखा परिक्षण प्रतिवेदन मिति २०७३/९/१८ मा कार्यालयमा प्राप्त भई परिषद् समक्ष पेश भयो । प्रतिवेदनले औंल्याएका बेरुजु असुल उपर गर्नु पर्नेको हकमा असुल उपर गर्ने र नियमित गर्नु पर्नेको हकमा नियमित गर्न नगरपालिकाले आवश्यक कारवाही अगाडी बढाउन निर्देशन दिनुका साथै आ.व. ०७३।०७४ देखि आर्थिक अनुशासन कायम गरी बेरुजु नआउने गरी कारोबार गर्न आवश्यक व्यवस्था मिलाउन नगरपालिकालाई निर्देशन दिने ।

24. भुकम्पीय जोखिमबाट हुने क्षति न्युनीकरणका लागि भुकम्प प्रतिरोधी भवन तथा संरचनाहरु निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न राष्ट्रिय भवन संहिता (National Building Code) लाई पूर्ण रुपमा लागु गर्न आवश्यक तालिम तथा चेतनामूलक कार्यक्रम संचालन गर्ने । साथै नक्सापास तथा भवन निर्माणलाई व्यवस्थित बनाउन "कमलामाई नगरपालिकाको भवन निर्माण मापदण्ड २०७२" प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

25. यस जिल्लामा शव वाहनको अभावबाट सेवा प्रवाहमा असुविधा भएकोले जिल्ला अस्पतालको लागि शव वाहन उपलब्ध गराई दिन श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

26. यस नगरपालिकाको विद्यमान कार्यालय भवन साँघुरो भई सेवा प्रवाहमा असुविधा भएको साथै निकट भविष्यमा नै स्थानीय निकायको निर्वाचन पश्चात् जन प्रतिनिधिहरुको व्यवस्था हुँदा नगरवासीलाई सर्वसुलभ सेवा प्रदान गर्नको लागि कार्यालय भवन निर्माण गर्नु पर्ने आवश्यकतालाई मनन् गर्दै न.पा.को विद्यमान श्रोतबाट मात्र भवन निर्माण गर्न सम्भव नभएकोले नयाँ कार्यालय भवन निर्माणको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट चालु आ.व. मा रु. १ करोड बजेट विनियोजन भई नगरपालिकाको आवश्यकता तथा आन्तरिक आयलाई समेत टेवा पुग्ने हिसाबबाट भवनको डिजाइनको कार्य भईरहेको अवस्थामा थप रु. ५ करोड रकम नपुग हुने देखिएकोले नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग उक्त रकम विनियोजनको लागी अनुरोध गर्ने ।

27. आगामी दुई वर्ष भित्र नगरपालिकाका सबै वडाका टोलहरुमा विद्युत तथा संचार सुविधा उपलब्ध गराउने हेतुले सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गर्न पहल गर्ने ।

28. विभिन्न निकायको लगानीमा न.पा. भित्र निर्माण भएका कतिपय सडकहरुको स्वामित्व अझै पनि व्यक्तिको नाममा रहेको अवस्थामा त्यस्ता सडकहरु सार्वजनिकीकरणको कार्य प्रारम्भ भई सकेको छ । उक्त कार्यलाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

29. यस नगरपालिका वडा नं.-६, वि.पि. राजमार्गबाट माडीबजार प्रवेश गर्ने प्रबेशस्थलमा उपभोक्ताहरुको लागत सहभागितामा प्रवेशद्वार निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याए वापत प्रवेशद्वार निर्माण समितिलाई धन्यवाद व्यक्त गर्दै निर्माण समितिलाई सम्मान पत्र सहित सम्मान गर्ने ।

30. यस नगरपालिकामा आ.व. ०७२/०७३ मा कार्यालयको रेकर्ड अनुसार सबैभन्दा बढी एकीकृत सम्पत्ति कर तिर्ने नगरवासी कमलामाई न.पा.-६, निवासी सुष्मा कुमारी श्रेष्ठलाई सम्मानपत्र सहित सम्मान गर्ने ।

31. यस नगरपालिकाको सरसफाई, सडक बत्ती व्यवस्थापन लगायत नगरपालिकाबाट संचालित विभिन्न गतिविधीमा सरिक भई नगरपालिकाको कार्य सम्पादनमा पुऱ्याएको सहयोगको उच्च मूल्याङ्कन गर्दै एकीकृत महिला वातावरण समन्वय टोल विकास संस्था, कमलामाई न.पा.-४, मधुटार र नमूना देउराली टोल विकास संस्था, कमलामाई न.पा.-४, देउरालीलाई २/२ (दुई/दुई) हजार नगद तथा सम्मान-पत्र सहित सम्मान गर्ने ।

32. यस नगरपालिका वडा नं.-८, मा वडा कार्यालय भवन निर्माण कार्य गर्नको लागी ज्याम्दूमा रु. २ लाख पर्ने २ कट्ठा जग्गा निःशुल्क रुपमा नगरपालिकालाई उपलब्ध गराउनु भएकोमा सोही स्थान बस्ने श्री शुकलाल लामा र

सिम्लेमा रु. १ लाख पर्ने २ कट्ठा जग्गा उपलब्ध गराउनु भएकोमा सोही स्थान बस्ने श्री काजिमान वाइवालाई धन्यवाद व्यक्त गर्दै सम्मान पत्र सहित सम्मान गर्ने ।

33. आ.व. ०७२/०७३ मा सामाजिक परिचालनको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेको साथै कार्यालयको काममा समेत पुऱ्याएको सहयोग समेतको मूल्याङ्कन गर्दै कमलामाई नगरपालिका वडा नं. ४ का सामाजिक परिचालक ईश्वरीमाया श्रेष्ठलाई रु. २०००।- नगद तथा सम्मान पत्र सहित पुरस्कृत गर्ने ।

34. नगरपालिकाको रेकर्ड अनुसार जेष्ठ नागरिकहरु मध्ये जेष्ठ नागरिक वडा नं.-५ निवासी १०७ वर्षिय कृष्णमाया भुजेललाई नगद रु. २०००।- तथा सम्मान पत्र सहित सम्मान गर्ने ।

35. २० औं नगरपरिषदबाट निर्धारित सूचकहरुको आधारमा आ.व. ०७२/०७३ को कार्य सम्पादन मूल्याङ्कनका अनुसार देहाय बमोजिमका कर्मचारीहरुलाई कर्मचारी व्यवस्थापन सम्बन्धी विनियमावलीमा व्यवस्था भए अनुसार प्रति व्यक्ति रु. २०००।- नगद तथा सम्मान पत्र सहित पुरस्कृत गर्ने ।

- उज्वल विक्रम थापा - नायव सुब्बा
- पृथ्वी बहादुर गोले - असिष्टण्ट सव-इन्जिनियर
- जगदिश विक्रम कार्की - आन्तरिक लेखा परिक्षक

36. आ.व. ०७२/०७३ मा संचालित विकास निर्माणका कार्यहरुको अनुगमन पश्चात अनुगमन समितिका पदाधिकारीहरुको मूल्याङ्कनबाट उत्कृष्ट कार्य गर्ने देहाय बमोजिमका उपभोक्ता समितिहरुलाई सम्मान पत्र सहित सम्मान गर्ने ।

- मल्लागाउँ प्रतिक्षालय तथा किरियापुत्री भवन निर्माण उपभोक्ता समिति, वडा नं.-९
- सिंचाई कुलो मर्मत उपभोक्ता समिति, वडा नं.-१२, सानो भलुवाई

37. यस न.पा. कार्यालयको आ.व. २०७२।०७३ को अन्तिम लेखा परीक्षण प्रतिवेदन परिषद् समक्ष पेश भएकोमा सो प्रतिवेदनलाई अनुमोदन गर्दै उक्त प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई देहायबमोजिम कार्यान्वयन गर्न न.पा. कार्यालयलाई निर्देशन दिने ।

क) अन्तिम लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु रकम मध्ये असुल उपर गर्नु पर्ने रकम र प्रमाण कागज पुऱ्याई सम्परिक्षण गर्नुपर्ने रकमका हकमा प्रमाण कागज संकलन गरी/गराई सम्परीक्षण गर्ने प्रकृया अगाडी बढाउने ।

ख) लेखा परीक्षण प्रतिवेदनले औल्याएको पेश्की बेरुजुको हकमा आ.व. २०७२।०७३ मा पेश्की बेरुजु नभएको तर सो आ.व. भन्दा अगाडी रहेको पेश्की बेरुजु असुल तथा फछ्र्यौटको लागि स्थानीय निकाय (आ.प्र.) नियमावली, २०६४ बमोजिम कारवाही अगाडी बढाउने ।

ग) लेखापरीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई अवलम्बन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।

38. यस नगरपालिकामा कमलानदी, ग्वाङ्गखोला, गडौलीखोला, मरिनखोला, भिमानखोला तथा विभिन्न खहरेहरुबाट वर्षेनी जमिन कटान गरी सो क्षेत्रका बस्ती तथा कृषियोग्य भूमि अत्यन्त जोखिममा परेकाले नियन्त्रणको लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।

39. यस न.पा. को स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई गत आ.व. भै चालु आ.व. ०७३।०७४ मा समेत वार्षिक रु. ७५००।- (सात हजार पाँच सय) पोशाक भत्ता उपलब्ध गराउने ।

40. नगरपालिका क्षेत्र भित्र निर्माण हुने निजी तथा सामुदायिक भवनहरुको निर्माण कार्य गर्न तालिम प्राप्त डकर्मीहरु सूचिकृत गर्ने सम्बन्धमा मिति २०७३/४/१६ को नगरपालिका बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

41. यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने निजी भवनहरुको नक्सापासको लागी भवन डिजाइन तथा नक्सा तयारी लगायत प्राविधिक कार्य गरे वापत सूचिकृत प्राविधिकहरुको सेवा शुल्कमा एकरुपता नभएको कारणबाट सेवाग्राहीहरुलाई मर्का परेको भनी व्यापक रुपमा गुनासो आई सार्वजनिक चासोको विषय बन्न गएको सन्दर्भमा सेवा शुल्कमा एकरुपता ल्याउनको लागी देहाय बमोजिम सेवा शुल्क निर्धारण गर्ने र उल्लेखित सेवा शुल्क भन्दा बढी लिएको गुनासो प्राप्त भएमा निजको यस नगरपालिकाबाट उपलब्ध गराइएको नक्सा डिजाइन गर्ने अनुमति रद्द गरी कालोसुचीमा राख्ने ।

- Structural Design गर्नु नपर्ने “ग” वर्गका भवनहरुको नक्सा डिजाइन गरे वापतको सेवा शुल्क बढीमा प्रति वर्ग फिट रु. ५।- (पाँच) ।
- Structural Design गर्नु पर्ने “ग” वर्गका भवनहरुको नक्सा डिजाइन गरे वापतको सेवा शुल्क बढीमा प्रति वर्ग फिट रु. ७।- (सात) ।
- “ख” वर्गका भवनहरुको नक्सा डिजाइन गरे वापतको सेवा शुल्क बढीमा प्रति वर्ग फिट रु. ९।- (नौ) ।
- उल्लेखित वर्ग भन्दा बाहेक कच्ची भवनहरुको नक्सा डिजाइन गर्नु पर्नेमा सेवा शुल्क बढीमा प्रति वर्ग फिट रु. ३।- (तिन) ।

42. यस न.पा. को वडा नं. १३, १४, १६, १७ र १८ गरी ५ वटा वडाहरुमा सडक यातायातको पहुँच पुऱ्याउन वडा नं. ११ र १६ को बीचमा कमलानदीमा पक्की पुल आवश्यकता रहेकोले उक्त पक्की पुल निर्माणका लागि नेपाल सरकार समक्ष आवश्यक बजेट विनियोजनका लागि अनुरोध गर्ने ।

43. वि.पि. राजमार्ग र हेटौंडा चतरा मार्गको नगरपालिका क्षेत्रभित्र पर्ने सडकखण्डमा देखिएको समस्यालाई समाधान गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

44. नगरपालिकाले सम्पादन गरेको विविध विकास गतिविधीहरु नागरिक समक्ष जानकारी गराउन बुलेटिन, पुस्तिकाहरु, नगर सूचना तथा अभिलेख केन्द्रबाट नियमित प्रकाशन गर्ने ।

45. यस नगरपालिकाको आन्तरिक राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनलाई आधार मानी नगरस्तरीय राजस्व परामर्श समितिको मिति २०७३।९।१९ को बैठकको सिफारिशको आधारमा देहाय बमोजिम राजस्व प्रक्षेपण तथा आगामी आ.व. ०७४/०७५ देखि लागू हुने गरी देहाय बमोजिम परिमार्जन भएका राजश्वका दरहरु स्वीकृत गर्ने र अन्यको हकमा साविक अनुसार नै लागू गर्ने ।

| सि.नं. | शिर्षक नं. | शिर्षक विवरण | आ.व. ०७२/०७३को यथार्थ आय | आ.व. ०७३/०७४को अनुमानित आय | आ.व. ०७४/०७५को प्रस्तावित आय |
|---|---|---|---|---|---|
| १ | १।१।१ | मालपोत | ०।०० | १०००।०० | ० |
| २ | १।१।३ | वहाल कर | ९२६६२५।०७ | ७५००००।०० | ८२५०००।०० |
| ३ | १।१।४ | विटौरी कर | ४४६५९४।०० | ३९००००।०० | ४३००००।०० |
| ४ | १।१।६।१ | सवारी दर्ता तथा वार्पिक सवारी कर | १०१४०।०० | १३०००।०० | १४०००।०० |
| ५ | १।१।५ | व्यवसाय कर | १०७७१७२।०० | ९७५०००।०० | १०७५०००।०० |
| ६ | १।१।६।२ | पटके सवारी कर | ० | ० | ० |
| ७ | १।१।७ | सम्पति कर | २५२६४३७।७७ | २५०००००।०० | २७५००००।०० |
| ८ | १।१।८ | मनोरञ्जन कर | ७५००।०० | १००००।०० | १००००।०० |
| ९ | १।१।९ | विज्ञापन कर | ३६३००।०० | १२००००।०० | १३५०००।०० |
| १० | १।२ | सेवा शुल्क | ० | ९०००।०० | १००००।०० |
| ११ | १।२।१ | सवारी पार्किङ्ग शुल्क | ७३२०।०० | ५४००००।०० | ५९५०००।०० |
| १३ | १।२।४ | शौचालय उपयोग सेवा शुल्क | १७७६०।०० | ३५०००।०० | ३८०००।०० |
| १४ | १।२।६ | अचल सम्पति मूल्यांकन सेवा | ३१२७५४।७५ | २७५०००।०० | ३०००००।०० |
| १५ | १।२।९ | सरसफाई शुल्क | ९७६३५।०० | २२५०००।०० | १५५०००।०० |
| १६ | १।३।१ | दर्ता तथा नविकरण दस्तुर | ११५५८७।०० | १५००००।०० | २५००००।०० |
| १७ | १।३।२ | नक्सापास दस्तुर | १६१९७२१।६४ | १००००००।०० | ११०००००।०० |
| १८ | १।३।४ | नाता प्रमाणित | ८८८०९।०० | १०००००।०० | १०००००।०० |
| १९ | १।७।१ | दण्ड जरिवाना | ४१११५७।०७ | ३०५०००।०० | ३३५०००।०० |
| २० | १।७।२ | भाडा तथा वहल वाट आय | २१८४२०७।०० | ३७०००००।०० | ४१०००००।०० |
| २१ | १।७।२।०१ | ब्याक हो लोडर भाडा | २०१२६०।०० | ४०००००।०० | ४०००००।०० |
| २२ | १।७।६ | अन्य विविध आय | ८२२०७१।९६ | ५५००००।०० | ६०००००।०० |
| २३ | १।३।३ | सिफारिश तथा वक्सौनी दस्तुर | ८१४४०७।५७ | ५००००००।०० | ५५०००००।०० |
| २४ | १।७।५ | पेश्की /वेरुजु फिर्ता | ४६३९२८।०० | १००००।०० | १५०००।०० |
| २५ | १।७।३ | धरौंटी जफत | ८२५००।०० | २८५००।०० | १०००००।०० |
| | | **कुल जम्मा** | **१२२६९८८७।८३** | **१७०८६५००।००** | **१८८३७०००।००** |

**जग्गा नामसारी र चौहद्धि प्रमाणित**

| सि.नं. | जग्गाको किसिम/क्षेत्र | पहिलो कित्ता साविक | परिमार्जित पहिलो कित्ता | थपप्रति कित्ता |
|---|---|---|---|---|
| १. | वि.पी. राजमार्ग सँग जोडिएका जग्गा | २५०।- | ३५०।- | ६०।- |
| २. | माढीवजार र ढुंग्रेवास-दोभानटार-मल्लगाउँ सडकसँग जोडिएका जग्गा धुरावजार-सांडवाले र विद्युतचोक-लङ्गेलीटार सडक र मधुटार-देउराली सडक सँग जोडिएका जग्गा | १७५।- | २५०।- | ५०।- |
| ३. | शाखा सडक सँग जोडिएका जग्गा | ११५।- | १७०।- | ४०।- |
| ४. | गोरेटो वाटो सँग जोडिएका जग्गा | १००।- | १५०।- | ३०।- |
| ५. | जग्गा नामसारी | १००।- | १५०।- | २०।- |
| ६. | अन्य जग्गा | १००।- | १५०।- | २०।- |
| ७. | छुट्ट जग्गा नामसारी सिफारिस | ५००।- | ७५० | ५०।- |
| ८. | मालपोत कार्यालयलाई घर कायमको सिफारिश दस्तुर | २००।- | ३००।- | ५०।- |

| | | | | |
|---|---|---|---|---|
| ९. | न.पा. क्षेत्र भित्रको ऐलानी जग्गा कुनैं व्यक्ति वा संघ सस्थालाइ अस्थायी रुपमा उपलब्ध गराउदा मासिक प्रतिवर्ग फिट | रु.५।- | २०।- | |
| १०. | विद्युत महशुल (न.पा.को पसलकवलमा प्रयोग गरे वापत प्रति यूनिट) | ८।२५ | १०।- | - |

## हाट बजार विटौंरी करको दर (आ.व.०७३/०७४)

| सि.नं. | मालसामानको विवरण | साविक दर | परिमार्जित दर |
|---|---|---|---|
| १. | घोडा १ को | ७५।०० | ९०।०० |
| २. | गोरु १ को | ७५।०० | ९०।०० |
| ३. | राँगा, भैंसी गोटा १ को | ७५।०० | ९०।०० |
| ४. | खसी वोका गोटा १ को | ३०।०० | ३५।०० |
| ५. | कुखुरा १ किलोभन्दा माथिको | ७।०० | १०।०० |
| ६. | कुखुरा १ किलोभन्दा मुनिको | ५।०० | ५।०० |
| ७. | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | १२०।०० | २००।०० |
| ८. | खसी काटी वेच्ने सँग प्रति गोटा | ३०।०० | ५०।०० |
| ९. | सुगुर वंगुर प्रति गोटा | ५०।०० | १००।०० |
| १०. | हाँस, कुखुराको मासु विक्री पसल | ४०।०० | ५०।०० |
| ११. | राँगा भैसीको छाल १को | २५।०० | ५०।०० |
| १२. | आलो माछा प्रतिपसल | ५०।०० | ६०।०० |
| १३. | माछा पसल १ को | २०।०० | २५।०० |
| १४. | पहाड वाट ल्याउने आलु,प्याज र अदुवा भारी १को | १५।०० | २०।०० |
| १५. | अम्वा, आरु, लिचि र आरुवखडा भारी १ को | १०।०० | १०।०० |
| १६. | आलु,फरलकोभी, वन्दाकोभी , भान्टा, प्याज,टमाटर,मुला लगाएत अन्य तरकारी पसल १ को | २५।०० | ३०।०० |
| १७. | आलु,कोभी,भान्टा, टमाटर लगाएतको बाहिर बाट आउने तरकारी प्रति टोकरी १को | २५।०० | ४०।०० |
| १८. | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०।०० | १०।०० |
| १९. | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | ३।०० | १०।०० |
| २०. | काउली कटहर रुखकटहर भारी १ को | १०।०० | १०।०० |
| २१. | वोडी, मास, मस्याङ्ग, भटमास, बदाम र केराउ प्रति पसल १ को | १०।०० | १५।०० |
| २२. | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी भारी १को | १०।०० | १५।०० |
| २३. | स्कुस,फर्सि, लौंका साग र तोरिङ्गा भारी १ को | १०।०० | १०।०० |
| २४. | उखु, निवुवा, भोगटे, कागती भारी १ को | १०।०० | १०।०० |
| २५. | मकैं,गहूँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | २०।०० | ३०।०० |
| २६. | घीउ प्रति किलो | ३।०० | ५।०० |
| २७. | हजाम पसल १ को | २०।०० | ३०।०० |
| २८. | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | २०।०० | ३०।०० |
| २९. | फलाम र फलामवाट वनेका कृषि, घरेलु सामान पसल, आरण, साध लगाउने दोकान १ को | २०।०० | ३०।०० |
| ३०. | औषधि वा जडीवुट्टि दोकान १ को | २०।०० | २०।०० |
| ३१. | वाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो डोको तथा वाँसवाट वनेको सामान पसल १ को | १।०० | २०।०० |
| ३२. | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट वाट वनेको सामान पसल १को | ०।५० | १५।०० |
| ३३. | चिराइतो र सिन्कौली तथा कुरिलो भारी १ को | ३०।०० | ४०।०० |
| ३४. | वजारमा रोटी पकाई वेच्ने दोकान १ को | १५।०० | २०।०० |
| ३५. | वजारमा मिठाई पकाई विक्रीगर्ने दोकान १ को | २०।०० | ३०।०० |
| ३६. | राडीपाखी गलैंचा दोकान १ को | ७५।०० | १००।०० |
| ३७. | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | १७५।०० | २००।०० |
| ३८. | लता कपडा पसल १ को | ५०।०० | ६०।०० |
| ३९. | सुर्ति विडी दोकान १ को | २५।०० | ३०।०० |
| ४०. | मिठा सखर दोकान १ को | २०।०० | ३०।०० |
| ४१. | किराना पसल १ को | २५।०० | ३०।०० |
| ४२. | भाडाकुडा पसल १ को | ५०।०० | ७०।०० |

| | | | |
|---|---|---|---|
| ४३. | औंठी लगायत धातुका गहना पसल १ को | २०।०० | ३०।०० |
| ४४. | चुरा तथा मनिहरा पसल १ को | २५।०० | ३०।०० |
| ४५. | जुत्ताचप्पल पसल १ को | २०।०० | ३०।०० |
| ४६. | वरफ र चटपट्टे पसल १को | २५।०० | ३०।०० |
| ४७. | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | २०।०० | ३०।०० |
| ४८. | सटरमा पसल राख्ने पसल १को | ० | १५०।०० |

☞ **सडक तथा नाला मर्मत शुल्क (घरधनीसँग नक्सापास गर्दा एक पटक) – रु.५००।- (पाँच सय)**

☞ **सार्वजनिक सुविधा उपयोग सेवा शुल्क (वडा नं.६, सामुदायिक सेवा केन्द्र अगाडि रहेको सार्वजनिक शौचालय संचालन वापत मासिक रु.१५००।- (एकहजार पाँच सय)**

☞ **वडा नं.-६, मा रहेको खुल्लामञ्चमा कार्यक्रम गर्दा सरसफाई वापत प्रति दिन रु.१०००।- (एक हजार)**

46. नगरपालिकाको कार्य सम्पादनको क्रममा कार्यरत कर्मचारीलाई नियमानुसार आदेश भए बमोजिम कार्य सम्पादन गर्दा परेको मुद्दा सन्दर्भमा कार्यालयले र कार्यालयको नाममा परेको मुद्दा सन्दर्भमा कार्यकारी अधिकृतले प्रतिरक्षा गर्न अधिकार प्रत्यायोजन गर्ने ।

47. स्थानिय विकास शुल्क जगेडा कोषको अनुदान सहयोगमा आ.व. ०७२/०७३ मा संचालन हुने गरी ट्रिपर खरिद र सिद्देश्वर खानेपानी योजना विस्तारको लागी सङ्घीय मामिला तथा स्थानिय विकास मंत्रालयमा प्रस्ताव पठाउने मिति २०७२/९/३० को निर्णय अनुमोदन गर्ने ।

48. चालु आ.व. ०७३/०७४ मा सडक बोर्ड नेपालको अनुदान सहयोगमा संचालन हुने गरी २१ औं नगरपरिषदबाट प्रस्तावित योजनाहरुमा देहाय बमोजिम परिमार्जन गरी सडक बोर्ड नेपालमा सहमतिको लागी प्रस्ताव पठाउने ।

१. शिवमन्दिर-माढीबजार सडक मर्मत – रु. ३४ लाख

२. देउरालीडाँडा-सिलामे-वेसारे-धप्सार सडक मर्मत – रु. ७ लाख

३. माथिल्लो मिलनचोक-दमार-वेल्टार सडक मर्मत – रु. ७ लाख

४. लक्ष्मणचोक-पानीटयांकी-बर्देउटार सडक मर्मत – रु. ६ लाख

५. मिलनचोक-काठेपुल-लब्दाहाफाँट सडक मर्मत – रु. ३ लाख ५० हजार

६. राम्माडी-गणेश मन्दिर-कमला स्कूल सडक मर्मत – रु. ३ लाख ५० हजार

49. चालु आ.व. ०७३/०७४ मा ठूला पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रकम रु. ९२ लाख १६ हजार बाट वडा नं.-९, ढुङ्गेवास क्याम्पसचोकबाट हिरापानी सडक कालोपत्रे गर्न विनियोजन गर्ने ।

50. चालु आ.व. ०७३/०७४ मा वडा नं. ३, ८, १३ मा विद्युतिकरण कार्यक्रमको लागी विनियोजित रु. १ करोड लाई महिला लक्षित वर्ग र आदिवासी, जनजाति, अपाङ्ग, दलित लक्षित वर्गको कार्यक्रममा रु. ५० लाखका दरले प्रस्ताव गरी कार्यान्वयन गर्ने ।

51. वडा नं.-३, ८, १३ मा चालु आ.व. देखि संचालन गरिएको सडक स्तरोन्नतिको कार्यलाई आगामी आ.व.मा समेत विरन्तरता दिने ।

52. ताम्बा सांस्कृतिक महोत्सवको लागी रु. ४० हजार उपलब्ध गराउने मिति २०७२/१०/०३ को नगरपालिका बोर्ड बैठकको निर्णय अनुमोदन गर्ने ।

53. आगामी आ.व. ०७४/०७५ को लागी देहाय बमोजिम शिर्षकगत रकम विनियोजन गरी सोही बमोजिम योजना तथा कार्यक्रमहरु छनौट गर्ने साथै सडकसँग सम्बन्धित योजनाहरु कार्यान्वयन गर्दा सडक सार्वजनिक भई सकेको हुनुपर्ने छ ।

| | | | |
|---|---|---|---|
| 1 | नगरपालिका अनुदान | | **42,202,000.00** |
| | क) | महिला लक्षित कार्यक्रम | 2,700,000.00 |
| | ख) | बालबालिका लक्षित कार्यक्रम | 2,700,000.00 |
| | ग) | जेष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडा वर्ग लक्षित कार्यक्रम | 4,100,000.00 |
| | घ) | अध्ययन तथा प्राविधिक परामर्श सेवा | 600,000.00 |
| | ङ) | आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास | 8,400,000.00 |
| | च) | प्रवर्द्धनात्मक क्षेत्र | 4,125,000.00 |
| | छ) | नगर सरसफाई (तलब भत्ता समेत) | 3,000,000.00 |
| | घ) | दमकल संचालन | 750,000.00 |
| | ज) | आयोजना संचालन तथा व्यवस्थापन खर्च | 527,000.00 |
| | झ) | समपूरक कोष (Matching Fund) | 15,000,000.00 |
| | ञ) | संस्थागत क्षमता विकास कार्यक्रम तर्फ | 300,000.00 |
| 2 | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | | **19,137,000.00** |
| 3 | ठूला पूर्वाधार विकास कार्यक्रम | | **20,000,000.00** |
| 4 | सडक बोर्ड नेपाल | | **6,000,000.00** |
| 5 | कार्यालय भवन निर्माण | | **50,000,000.00** |
| 6 | मालपोत रजिष्ट्रसन | | **7,800,000.00** |
| | वातावरणमैत्री स्थानिय शासन कार्यक्रम समपुरक कोष | | 3,000,000.00 |
| | अन्य कार्यक्रम संचालन | | 4,800,000.00 |
| 7 | आन्तरिक श्रोत | | **3,820,000.00** |
| | एकीकृत सम्पत्ति कर | | 1,270,000.00 |
| | बालबालिका लक्षित कार्यक्रम | | 1,750,000.00 |
| | महिला लक्षित कार्यक्रम | | 100,000.00 |
| | अन्य कार्यक्रम | | 700,000.00 |

| | | |
|---|---|---|
| 8 | वातावरणमैत्री स्थानिय शासन कार्यक्रम | **12,650,000.00** |
| 9 | अन्य श्रोत तर्फ | **22,950,000.00** |
| | **जम्मा** | **185,829,000.00** |

54. आ.व. ०७४/०७५ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको महिला लक्षित कार्यक्रमका लागि प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | लोकसेवा तयारी कक्षा | २५०,०००।०० |
| २ | माढीबजार र भिमानमा गरी दुई स्थानमा महिला सशक्तिकरण कार्यक्रम संचालन | ३५०,०००।०० |
| ३ | ३ स्थानमा च्याउखेती तालिम संचालन | ५००,०००।०० |
| ४ | कुडुले आमा समूह भवन निर्माण, वडा नं.-१ | १००,०००।०० |
| ५ | शिवनगर महिला सामुदायिक अधुरो भवन निर्माण, वडा नं.-६ | १००,०००।०० |
| ६ | महिला सुरक्षा भवन तला थप, वडा नं.-६ | ४००,०००।०० |
| ७ | चुनेटार महिला समूह भवन निर्माण, वडा नं.-९ | ३५०,०००।०० |
| ८ | महिला समुह भवन निर्माण, वडा नं.-१३ | ३५०,०००।०० |
| ९ | काउछे महिला समूह भवन निर्माण, वडा नं.-१४ | २००,०००।०० |
| १० | महिला समूह भवन निर्माण, वडा नं.-१५ | १००,०००।०० |
| | **जम्मा** | **२,७००,०००।००** |

55. आ.व. ०७४/०७५ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको बालबालिका लक्षित कार्यक्रमका लागि प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | बालबालिका संरक्षण कोष | ४००,०००।०० |
| २ | बालबालिकाहरुको वस्तुगत विवरण तयारी तथा बालमैत्री नीति, रणनीति र कार्ययोजना निर्माण | ८००,०००।०० |
| ३ | विद्यालय नजाने बालबालिका प्रोत्साहन कार्यक्रम | १५०,०००।०० |
| ४ | बालबालिकाहरुको क्षमता अभिवृद्धिको लागी खेलकुद सामाग्री वितरण | १५०,०००।०० |
| ५ | बाल अधिकार र कर्तव्य विषयमा अभिभावक तथा शिक्षक अनुशिक्षण कार्यक्रम | ३००,०००।०० |
| ६ | अन्तर विद्यालय नृत्य प्रतियोगिता | २००,०००।०० |
| ७ | कमला जनज्योति मा.वि. भवन संरक्षण, वडा नं.-४ | ७००,०००।०० |
| | **जम्मा** | **२,७००,०००।००** |

56. आ.व. ०७४/०७५ को नगरपालिका अनुदान (पूँजीगत) तर्फको जेष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडा वर्ग लक्षित कार्यक्रम लक्षित कार्यक्रमका लागि प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजना/कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजना/कार्यक्रमको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| **क** | **जेष्ठ नागरिक लक्षित** | |
| १ | जेष्ठ नागरिकहरुको लागी सचेतना तथा सम्मान कार्यक्रम | १५०,०००।०० |
| **ख** | **अपाङ्ग लक्षित** | |
| १ | गुडिया तथा खेलौना बनाउने तालिम संचालन | १००,०००।०० |
| २ | फिजियोथेरापी तथा परामर्श केन्द्रका लागी सामाग्री खरिद | १५०,०००।०० |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुको लागी अभिमुखिकरण कार्यक्रम | १५०,०००।०० |
| ४ | छिटो प्रतिरोधात्मक अभिमुखिकरण कार्यक्रम | १५०,०००।०० |
| ५ | २६ औं अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा अपाङ्गहरुका लागी सहयोग कार्यक्रम | १००,०००।०० |
| **ग** | **दलित लक्षित** | |
| १ | सङ्घिय संरचनामा दलित वर्गको भुमिका विषयक कार्यक्रम | १००,०००।०० |
| २ | लोक सेवा तयारी कक्षा | २५०,०००।०० |
| ३ | पन्चेबाजा तथा मादल, मुरली जस्ता लोपोन्मुख बाजा संरक्षण तथा प्रबर्द्धन | १५०,०००।०० |
| ४ | सामुदायिक भवन निर्माण, वडा नं.-२, दर्लामी | ३००,०००।०० |
| ५ | रामेश्वरधाम देखि धन्सारेचौर हुँदै जसेदमारसम्म सडक स्तरोन्नति, वडा नं.-६ | ४००,०००।०० |
| **घ** | **आदिवासी, जनजाति लक्षित** | |
| १ | ना.सु. स्तरिय लोकसेवा तयारी कक्षा | २५०,०००।०० |
| २ | ड्राइभिङ् तालिम | २००,०००।०० |
| ३ | आइं. एल. ओ. १६९ सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १००,०००।०० |
| ४ | सिलाई कटाई तालिम संचालन (भिमान क्षेत्रका महिला) | १००,०००।०० |
| ५ | होमस्टे कार्यक्रम संचालन सहयोग, सिम्ले-ज्याम्दु, वडा नं.-८ | २००,०००।०० |
| ६ | बेसारे, धुसेनी,लाडदी हुदै ठुलडाडा बाघछेडा, सिद्धडाडा तिनदोभान बैकल्पिक सडक मर्मत तथा स्तरोन्नती, वडा नं.-३ | १००,०००।०० |
| ७ | बिष्णुधारा फुलबारीदमार सडक स्तरोन्नती, वडा नं.-७ | ९००,०००।०० |
| ८ | टासी घेले गुम्बा मर्मत, वडा नं.-१० | २५०,०००।०० |
| | **जम्मा** | **४,१००,०००।००** |

57. आ.व. ०७४/०७५ को नगरपालिका अनुदान (पूँजीगत) शिर्षकको आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा ११ बमोजिम)तर्फ प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | तिनतले-रातोभिर-पातिपरान हुँदै चूरे सडक स्तरोन्नति, वडा नं.-३ | ५००,०००।०० |
| २ | तिनतले, लामीदमार, माईसिर मन्दिर सम्म सडक मर्मत, वडा नं.-३ | ५००,०००।०० |
| ३ | कमलामाई जन्मस्थान मन्दिर निर्माण, वडा नं.-३ | ५००,०००।०० |
| ४ | संगमचौक शाखाजोर पाथिपरान हुदै खयरमारा जाने सडकको शाखाजोर वर फेदमा कल्वर्ट निर्माण, वडा नं.-४ | ५००,०००।०० |

| | | |
|---|---|---|
| ५ | रानिखोला नयाँ कालिका सा.व.उ.स. को भवन पश्चिम पट्टिबाट रानिखोला शिर हुदै बोझे कृष्ण मन्दिर चिसोपानि सम्मको सडक स्तरउन्नती तथा नाला निर्माण, वडा नं.-४ | ५००,०००।०० |
| ६ | कोईलाटार गहते हुदै ढकालगाउँ शिखर जाने सडकमा कल्भर्ट निर्माण, वडा नं.-५ | ५००,०००।०० |
| ७ | वि.पि.राजमार्ग उत्तर सुर्योदय बोर्डिङ हुदै पानीटंकी उकालो सडक स्तरोन्नति, वडा नं.-६ | ५००,०००।०० |
| ८ | वि.पि. राजमार्ग प्राविधिक शिक्षालय हुदै अधेरीबाट रातमाटा प्लानिङ सडक स्तरोन्नति, वडा नं.-६ | ५००,०००।०० |
| ९ | धुरावजारमा किरिया पुत्री भवन निर्माण (खानेपानी व्यवस्था सहित), वडा नं.-६ | ५००,०००।०० |
| १० | लुकुवा भञ्ज्याङ्-स्वर्गद्वारी सडक मर्मत तथा खानेपानी टयांकी निर्माण | ५००,०००।०० |
| ११ | चुहार देवीथान सडक विस्तार, वडा नं.-८ | ५००,०००।०० |
| १२ | सिन्धुली बहुमुखी क्याम्पस कम्पाउण्ड घेराबेरा, वडा नं.-९ | ५००,०००।०० |
| १३ | माईस्थान काभ्रेटार सडक विस्तार, वडा नं.-१० | ५००,०००।०० |
| १४ | बाघमारा खानेपानी योजना, वडा नं.-१० | ५००,०००।०० |
| १५ | सानो भलुवाई ईनारपानी खा.पा. योजना विस्तार, वडा नं.-१२ | ७००,०००।०० |
| १६ | आपखोल्सी भडार हुदै सानो भडार सम्म बाटो निर्माण, वडा नं.-१५ | ७००,०००।०० |
| | **जम्मा** | **८,४००,०००।००** |

58. आ.व. ०७४/०७५ को नगरपालिका अनुदान (पूँजीगत) शिर्षकको प्रबर्द्धनात्मक क्षेत्र (स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को दफा १२ बमोजिम) तर्फ प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | स्कुल भञ्ज्याङ हुदै शिखर स्वारा सडक मर्मत तथा स्तरन्नती, वडा नं.-१ | १००,०००।०० |
| २ | कुडुले बेसी रिङरोड नाला सहित सडक मर्मत तथा स्तरन्नती, वडा नं.-१ | १००,०००।०० |
| ३ | खट्टारचोक देखि बारलीटोल दर्लामी हुदै ढाडे बोगटी सडक मर्मत तथा स्तरोन्ती, वडा नं.-२ | १५०,०००।०० |
| ४ | खट्टार विद्यालय भवनको बरको बोट देखि खट्टार डुनडाडा सन्तपुर बागेडाडा जुगुवा हुदै मन्त्रीस्वारा सम्म सडक स्तरोन्नति, वडा नं.-२ | १५०,०००।०० |
| ५ | खाडीखोला देखि वेलडाडा सम्म सडक मर्मत, वडा नं.-५ | २५०,०००।०० |
| ६ | सानो चौरीको शिर हुदै साङवाले झनै सडक निर्माण, वडा नं.-५ | २५०,०००।०० |
| ७ | वडा कार्यालय ज्याम्दु सडक निर्माण, वडा नं.-८ | २००,०००।०० |
| ८ | चियावारी देखि केवरे केरावारी सडक स्तरोन्नति, वडा नं.-९ | ३००,०००।०० |
| ९ | दोभानटार देउराली च्याउकोट सडक स्तरन्नती, वडा नं.-९ | २००,०००।०० |
| १० | हात्तिसार टोल सुधार समितिको भवन निर्माण, वडा नं.-१० | २००,०००।०० |
| ११ | खानेपानी पुरानो करकरे टंयाकी निर्माण, वडा नं.-१० | २५०,०००।०० |
| १२ | सुके बाटो मुनी वारी र पन्नेसी बाटो मुनी तथा मन्दिर तटवन्ध, वडा नं.-११ | २००,०००।०० |
| १३ | भिमान बजार पुच्छार देखि वि.पि.राजमार्ग सडक स्तरोन्नति, वडा नं.-११ | ३००,०००।०० |
| १४ | सुकेखोला बाटो माथी वरपिपल देखि वि.पि. राजमार्ग सम्म साइडड्रेन निर्माण, वडा नं.-११ | २००,०००।०० |

| | | |
|---|---|---|
| १५ | क.न.पा. १६ देखि मुजुरा दोभान ज्यामिरे वारीपारी वेलाहा सम्म सडक मर्मत, वडा नं.-१३ | ३००,०००।०० |
| १६ | धरान खोल्सी देखि चुरे खोल्सी सम्म बाटो स्तरोन्नति, वडा नं.-१४ | २००,०००।०० |
| १७ | क.न.पा. १५ देखि १६ सम्मको सिचाई कुलो मर्मत बेलाहा सरकारीटोल, वडा नं.-१६ | १५०,०००।०० |
| १८ | धामिडुमरीया बिद्यालय पछाडि लिडे खोल्सी तटवन्धन, वडा नं-१६ | १००,०००।०० |
| १९ | क.न.पा. १६ जोडने सानो गाउ सडक निर्माण, वडा नं.-१७ | १७५,०००।०० |
| २० | चितुवा खोला देखि घोडाखोला सम्म रिटेनिङ् वाल निर्माण, वडा नं.-१८ | ३५०,०००।०० |
| | **जम्मा** | **४,१२५,०००।००** |

59. आ.व. २०७४/०७५ को सडक बोर्ड नेपालबाट प्राप्त हुने प्रस्तावित बजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | माथिल्लो ज्यामिरे कृष्ण मन्दिर हुदै तल्लो ज्यामिरे सतिघाट जाने सडक मर्मत तथा स्तरोन्नती, वडा नं.-१ | १,०००,०००।०० |
| २ | मालपोत पछाडिबाट गौमति स्कुल हुदै वि.पि. राजमार्ग सडक स्तरोन्नती, वडा नं.-६ | २,०००,०००।०० |
| ३ | ठुलीटार-लुङ्गेलीटार-कालीटार सडक स्तरोन्नती, वडा नं.-७ | १,०००,०००।०० |
| ४ | सिमलबोट- बुका- दमारबारी- लुङ्गेलीटार सडक स्तरोन्नती, वडा नं.-७ | १,०००,०००।०० |
| ५ | मल्लागाउँ क्याम्पस चोक मल्लागाउ भन्ज्याङ सडक स्तरोन्नति, वडा नं.-९ | १,०००,०००।०० |
| | **जम्मा** | **६,०००,०००।००** |

60. आ.व. ०७४/०७५ मा ठुला पूर्वाधार विकास कार्यक्रमबाट प्राप्त हुने प्रस्तावित वजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | मधुटार सिलामे कालोपत्रे सडक निर्माण खण्ड २, वडा नं.-४ | १०,०००,०००।०० |
| २ | वडा नं.-१६ बाट १८ सम्म कालोपत्रे सडक निर्माण | १०,०००,०००।०० |
| | **जम्मा** | **२०,०००,०००।००** |

61. आ.व. ०७४/०७५ मा नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्राप्त हुने प्रस्तावित वजेटबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | मधुटार सिलामे कालोपत्रे सडक निर्माण खण्ड १, वडा नं.-४ | ९,१३७,०००।०० |
| २ | ल्याण्डफिल साइट व्यवस्थापन, वडा नं.-४ | ५,०००,०००।०० |
| ३ | ढकालगाउँ-रक्तमाला-वेल्टार सडक स्तरोन्नति, वडा नं.-५ | ५,०००,०००।०० |
| | **जम्मा** | **१९,१३७,०००।००** |

62. आ.व. ०७४/०७५ मा आन्तरिक श्रोत तर्फको रकमबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| क | **महिला लक्षित कार्यक्रम** | |
| १ | चेतना महिला समूह भवन निर्माण, वडा नं.-१७ | १००,०००।०० |
| ख | **बालबालिका लक्षित कार्यक्रम** | |
| १ | जनज्योति उ.मा.वि.मा अपाङ्ग तथा सुस्त मनस्थितीका बालबालिकाको लागी भवन निर्माण, वडा नं.-४, फोश्रेटार | १,०००,०००।०० |
| २ | कालिका प्रा.वि., खानेपानी योजना, वडा नं.-५ | २००,०००।०० |
| ३ | जनचाहना प्रा.वि., वल्लो रामपुर भवन निर्माण, वडा नं.-७ | ४५०,०००।०० |
| ४ | जनजागृति उ.मा.वि.मा कम्प्यूटर तथा प्रोजेक्टर सहयोग कार्यक्रम, वडा नं.-१२ | १००,०००।०० |
| ग | **एकीकृत सम्पत्ति कर** | |
| १ | पन्चकन्या भगवती भवन निर्माण, वडा नं.-१ | ६०,०००।०० |
| २ | डुनडाडा महिला भवन निर्माण, वडा नं.-२ | ७०,०००।०० |
| ३ | माईखोला फेदीबाट बाधछेडा जाने सडक मर्मत तथा स्तोन्नती, वडा नं-३ | ५०,०००।०० |
| ४ | रानिखोलाडाँडाटोल थामी वस्ती खानेपानी योजना, वडा नं.-४ | १९५,०००।०० |
| ५ | खहरे रायडि धाराभञ्ज्याङ जोडने सडके मर्मत, वडा नं.-५ | १२५,०००।०० |
| ६ | पुरानो गा.वि.स. भवन देखि शिखरटोल दुरसंचार हुदै रातमाटा हाईट सडक स्तरोन्नती, वडा नं.-६ | ४१०,०००।०० |
| ७ | बुकाडाँडा खानेपानी ट्याङ्की निर्माण, वडा नं.-७ | १६०,०००।०० |
| ८ | गोले खोला स्कुलटोल कुलो मर्मत- वडा नं.-८ | ४०,०००।०० |
| ९ | धारापानी टारी खानेपानी योजना, वडा नं.-९ | १३०,०००।०० |
| १० | शिखर होटल नजिकबाट कमला जाने सडक ढलानबाट अगाडी सडक विस्तार, वडा नं.-११ | ३०,०००।०० |
| घ | **अन्य** | |
| १ | सिन्धुलीगडी विजय दिवसको उपलक्ष्यमा हाफ म्याराथुन प्रतियोगिता संचालन | ३००,०००।०० |
| २ | नगरक्षेत्र भित्रका मा.वि.स्तरिय भलिबल प्रतियोगिता संचालन | २००,०००।०० |
| ३ | रातमाटा प्लानीङ - सिद्धवावा अधेरीभञ्ज्याङ सडक स्तरोन्नती वडा नं.-६ | २००,०००।०० |
| | **जम्मा** | **३,८२०,०००।००** |

63. आ.व. ०७४/०७५ मा मालपोत रजिष्ट्रसनमा प्रस्तावित रकम मध्ये रु. ४८ लाख मर्मत सम्भार कोषमा जम्मा गर्ने र सो कोषबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | योजनाको नाम | प्रस्तावित रकम रु. |
|---|---|---|
| १ | पन्चकन्या मा.वि. घेरावेरा, वडा नं.-१ | ६५,०००।०० |
| २ | साङवाले बजार टोल बरको बाट देखि साङ्वाले डाँडा सडक मर्मत तथा स्तरोन्ती, वडा नं.-२ | १६५,०००।०० |

| | | |
|---|---|---|
| ३ | तिनतले रुम्बाटोल रातुभोरा, ठुलो सखुवाटोल सडकस्तरोन्नती, वडा नं.-३ | ५००,०००।०० |
| ४ | राजपानि खोलामा लच्का निर्माण, वडा नं.-४ | ६८०,०००।०० |
| ५ | चौकीखोला अधुरो पुलको निर्माण, वडा नं.-५ | १४०,०००।०० |
| ६ | आहाले देविथान खोल्सी कल्भर्ट निर्माण, वडा नं.-५ | १००,०००।०० |
| ७ | पानीटंकी किडरिडटोल हुदै आछामेटोल सडक स्तरोन्नति, वडा नं.-६ | ५००,०००।०० |
| ८ | फुस्रेडाँडा गैरीबारी- चुहार सडक स्तरोन्नती, वडा नं.-७ | २५०,०००।०० |
| ९ | पेट्रोलपम्प-मित्रचोक-पानीटयांकी सडक स्तरोन्नती, वडा नं.-७ | ३००,०००।०० |
| १० | सिम्ले पहिरो नियन्त्रण, वडा नं.-८ | १७०,०००।०० |
| ११ | ग्वाङ-हिरापानी-मल्लागाउँ-सिरान कुलो मर्मत, वडा नं.-९ | २९०,०००।०० |
| १२ | कमला मा.वि., करकरे, कम्पाउण्डवाल निर्माण, वडा नं.-१० | ३९०,०००।०० |
| १३ | कत्ले खोला नया वस्ती खानेपानी योजना, वडा नं.-११ | २००,०००।०० |
| १४ | अमाह खानेपानी योजना पाईप खरिद तथा टयाकी निर्माण,वडा नं.-१२ | २४०,०००।०० |
| १५ | काठेपुल निर्माण, वडा नं.-१३, ज्यामिरे पारी | १८०,०००।०० |
| १६ | काउछे खानेपानी ईनार देखि कमला नदी सम्म सडक निर्माण, वडा नं.-१४ | १३०,०००।०० |
| १७ | सिस्नेरी नदी नियन्त्रण, वडा नं.-१५ | २६०,०००।०० |
| १८ | कुलो खोला कृषि सडक देखि बृदेश्वर मन्दिर सम्म सडक मर्मत, वडा नं.-१६ | ७५,०००।०० |
| १९ | बेलघारी १७, १८ सिमानामा स्लाव र चौतारा देखि कृषि जोड्ने सडक निर्माण, वडा नं.-१७ | ७०,०००।०० |
| २० | टिकुली तल्लो माथिल्लो कुलो मर्मत, वडा नं.-१८ | ९५,०००।०० |
| | **जम्मा** | **४,८००,०००।००** |

64. आ.व. ०७४/०७५ मा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अर्न्तगतको देहाय बमोजिमका कार्यक्रमहरु छनौट गरी देहाय बमोजिम रकम विनियोजन गर्ने ।

| सि.नं. | आयोजना तथा कार्यक्रम सम्बन्धी बिबरण | बिनियोजित बजेट |
|---|---|---|
| १ | बरुणदेवी उ.मा.वि. र ठाकुरदेवी प्रा.वि. प्राङ्गण वृक्षारोपण तथा जग्गा संरक्षण, वडा नं.-२ | ४००,०००।०० |
| २ | कमलामाई मन्दिर परिसरमा बोटानिकल गार्डेन निर्माण, वडा नं.-४ | २,०००,०००।०० |
| आ.ब.२०७२/०७३ को यथार्थ आय रकम | आय शिर्षक | आ.ब.२०७३/०७४ को शंसोधित आय रकम | आ.ब.२०७४/०७५ को प्रस्तावित आय रकम | आ.ब. ०७२/०७३ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब.०७३/०७४ को शंसोधित ब्यय रकम | आ.ब.०७४/०७५ को प्रस्तावित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ०० | १.१.१ मालपोत तथा भूमिकर | ०० | ०० | ३५७१२६२।०० | १.०१.१ तलव कर्मचारी | ६८०००००।०० | ६८०००००।०० |
| ९२६६२५।०७ | १.१.३ वहाल कर | ७५००००।०० | ८२५०००।०० | ८५००००।०० | १.०१.३ कर्मचारी कल्याणकोष | १००००००।०० | १५०००००।०० |
| ४४६५९४।०० | १.१.४ विटौरी कर | ३९००००।०० | ४३००००।०० | ८१७३८८।८० | १.२.१ कर्मचारी भत्ता | १६९१०००।०० | १७१००००।०० |
| १०७७१७२।०० | १.१.५ व्यवसाय कर | ९७५०००।०० | १०७५०००।०० | ९०१००।०० | १.२.३ वैठक भत्ता | १५००००।०० | २०००००।०० |
| १०१४०।०० | १.१.६.१ सवारी दर्ता तथा वार्षिक सवारीकर | १३०००।०० | १४०००।०० | ०० | १.०८ तालिम कार्यक्रम खर्च | ५००००।०० | १५००००।०० |
| ०० | १.१.६.२ पटके सबारी कर | ०० | ०० | ४८२८७।०० | २.०१ पानी तथा विजुली महशुल | ६४०००।०० | १५००००।०० |
| २५२६४३७।७७ | १.१.७ सम्पती कर | २५०००००।०० | २७५००००।०० | २२१३८।०० | २.०२ संचार महशुल | १०००००।०० | १५००००।०० |
| ७५००।०० | १.१.८ मनोरन्जन कर | १००००।०० | १००००।०० | ४६७४६१।०० | २.०३ कार्यालय संचालन खर्च (छपाई समेत) | ५९५०००।०० | ६०००००।०० |
| ३६३००।०० | १.१.९ विज्ञापन कर | १२००००।०० | १३५०००।०० | ०० | २.०४ भाडा | ३५०००।०० | ४५०००।०० |
| **००** | **कुल जम्मा स्थानिय कर** | **४७५८०००।००** | **५२३९०००।००** | १०४८५७।०० | २.०५ मर्मत तथा सम्भार खर्च | २२५०००।०० | ३५००००।०० |
| ७३२०।०० | १.२.१ सबारी पार्किङ्ग शुल्क | ५४००००।०० | ६०००००।०० | १७२४८५।०० | २.०६.२ सवारी इन्धन | १८००००।०० | २५००००।०० |
| ५१२५।२५ | १.२.२ महशुल तथा सेवा शुल्क | १०००००।०० | १२५०००।०० | ५४२३।०० | २.०६.३ अन्य इन्धन | १५०००।०० | १५०००।०० |
| १७७६०।०० | १.२.४ शौचालय उपयोग सेवा शुल्क | ३५०००।०० | ३८०००।०० | ०० | २.०७.१ परामर्श शुल्क | १४००००।०० | १०००००।०० |
| ३१२७५४।७५ | १.२.६ अचल सम्पती मूल्याङ्कन सेवा शुल्क | २७५०००।०० | ३०००००।०० | १००००।०० | २.८.१ सदस्यता शुल्क | २००००।०० | २००००।०० |
| ९७६३५।०० | १.२.८,९ अन्य सेवा/सर-सफाई शुल्क | २२५०००।०० | ०० | ०० | २.८.२ आर्थिक सहायता | ५०००।०० | ५०००।०० |
| **००** | **कुल जम्मा सेवा शुल्क** | **११७५०००।००** | **१०६३०००।००** | १८०००।०० | २.८.३ पुरस्कार | २५०००।०० | ३००००।०० |
| ११५५८७।०० | १.३.१ दर्ता तथा नविकरण दस्तुर | १५००००।०० | २५००००।०० | १९५०००।०० | २.८.४ परिषद संचालन खर्च | १९५०००।०० | १९५०००।०० |
| १६१९७२१।६४ | १.३.२ नक्सापास दस्तुर | १००००००।०० | ११०००००।०० | ३२९११७।०० | २.८.५ विविध खर्च | ३५००००।०० | ३५००००।०० |
| ८०८८३५।०३ | १.३.३ सिफारिस तथा बक्सौनी दस्तुर | ५००००००।०० | ५५०००००।०० | ६९९८००।०० | ३.०४ सामाजिक सुरक्षा अनुदान | ०० | ०० |
| ८८८०९।०० | १.३.४ नाता प्रमाणित दस्तुर | १०००००।०० | १०००००।०० | ४६९६७०।०० | ४.०४ कार्यकम खर्च (बिभिन्न कार्यक्रम ) | ८६००००।०० | ८७००००।०० |
| **००** | **कुल जम्मा दस्तुर** | **६२५००००।००** | **६९५००००।००** | ०० | ४.०४.१ पदपुर्ति कार्यक्रम संचालन खर्च | २५००००।०० | १५००००।०० |
| ४१११५७।०७ | १.७.१ दण्ड जरिवाना | ३०५०००।०० | ३३५०००।०० | ४२२९७९।०० | ४.०४.२ ब्याक हो लोडर संचालन सम्बन्धी कार्यक्रम खर्च | ४०००००।०० | ४०००००।०० |
| २१८४२०७।०० | १.७.२ भाडा तथा वहाल वाट आय | ३७०००००।०० | ४१०००००।०० | १७१८००।०० | ४.५.२ कार्यकम भ्रमण खर्च कर्मचारी | २५००००।०० | २७५०००।०० |
| २०१२६०।०० | १.७.२.१ ब्याक हो लोडर भाडा बापत | ४०००००।०० | ४०००००।०० | १७४७५३।०० | ४.०६ निर्मित सार्बजनिक सम्पतिको सम्भार खर्च | १५००००।०० | २८२०००।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८२५००।०० | १.७.३ धरौटी जफत | २८५००।०० | १०००००।०० | ६४६४२७।०० | ४.०७ नगरको सरसफाई व्यवस्थापन खर्च | १००००००।०० | १००००००।०० |
| ४६३९२८।०० | १.७.५ पेश्की/बेरुजु फिर्ता | १५००००।०० | १५०००।०० | ९७७२०।०० | ४.०८ दमकल तथा एम्बुलेन्स सञ्चालन खर्च | १५०००।०० | ६००००।०० |
| ८२२५०९।२५ | १.७.६. अन्य विविध आय | ५४९५७०।९७ | ६०००००।०० | २०७००२।०० | ४.०९ सडक बत्ती जडान/मर्मत खर्च | २५००००।०० | ३५००००।०० |
| ०० | **कुल जम्मा अन्य आय** | **५१३३०७०।९७** | **५५५००००।००** | ३६२६७।०० | २.१२ फिर्ता खर्च उ.बा.संघ | १५००००।०० | १५००००।०० |
| ०० | ३.१.२ बिकी वाट आय जि.वि.स. | ०० | ०० | ०० | ९.०२ भैपरि आउने खर्च | ५००००।०० | ५००००।०० |
| ६९९८००।०० | २.२.१.१ ससर्त अनुदान ( जि.वि.स.) | ०० | ०० | ६३१०९।०० | ६.०१ फर्निचर खरिद | ८००००।०० | ७५०००।०० |
| ०० | ८.१.१ जनसहभागिता | ४०००००।०० | १५०००००।०० | १४२१६३।०० | ६.०३ मेसिनरी औजार तथा उपकरण खरिद | १७००००।०० | २०००००।०० |
| (४१७१६९।०० | १५.१ बैक हिसाब अल्या | २२४८९२९।०३ | ०० | ४७०३७।०० | ६.०५ शार्बजनिक निर्माण खर्च | ४७०००००।०० | ३८२००००।०० |
| ०० | **कुल जम्मा बाह्य श्रोत** | **२६४८९२९।०३** | **१५०००००।००** | २२४८९२९।०३ | **बैंक तथा नगद बाकि रकम** | ०० | ०० |
| **१२५५२५०८।८३** | **कुल जम्मा आय** | **१९९६५०००।००** | **२०३०२०००।००** | **१२५५२५०८।८३** | **कुल जम्मा** | **१९९६५०००।००** | **२०३०२०००।००** |

# कमलामाई नगरपालिका कार्यालय सिन्धुली
# आ.ब.२०७४/०७५ को
# अन्य निकाय/अन्य श्रोत तर्फको बार्षिक बाँडफाँड कार्यक्रम बिबरण

| आ.ब. २०७२/०७३ को यथार्थ आय रकम | आय शिर्षक | आ.ब. २०७३/०७४ को शंशोधित आय रकम | आ.ब. २०७४/०७५ को प्रस्तावित आय रकम | आ.ब. २०७२/०७३ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब. २०७३/०७४ को शंशोधित व्यय रकम | आ.ब. २०७४/०७५ को प्रस्ताबित व्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ०० | अन्य निकायबाट प्राप्त अनुदान | ०० | २२९५००००।०० | ०० | **६.०५ शार्बजनिक निर्माण खर्च** | ०० | २२९५००००।०० |
| ०० | **कुल जम्मा** | ०० | २२९५००००।०० | ०० | **कुल जम्मा** | ०० | २२९५००००।०० |

## कमलामाई नगरपालिका कार्यालय सिन्धुली
## आ.ब.२०७४/०७५ को
## जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त (शहरी स्वास्थ्य कार्यक्रम ) खाता तर्फको बाँडफाँड कार्यक्रम बिबरण

| आ.ब. २०७२/०७३को यथार्थ आय रकम | आय शिर्षक | आ.ब. २०७३/०७४ को शंसोधित आय रकम | आ.ब. २०७४/०७५ को प्रस्तावित आय रकम | आ.ब. २०७२/०७३ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब. २०७३/०७४ को शंसोधित व्यय रकम | आ.ब. २०७४/०७५ को प्रस्तावित व्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ६५७४१७।०० | जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त | ६३१७८८।०० | १२०००००।०० | ६५७४१७।०० | शहरी स्वास्थ्य कार्यक्रम ( निर्देशिका बमोजिम ) | १००००००।०० | १२०००००।०० |
| ३६८२१२।०० | गत बर्षको अल्या | ३६८२१२।०० | ०० | ३६८२१२।०० | बैंक बाकि रकम | ०० | ०० |
| **१०२५६२९।००** | **कुल जम्मा** | **१००००००।००** | **१२०००००।००** | **१०२५६२९।००** | **कुल जम्मा** | **१००००००।००** | **१२०००००।००** |

## कमलामाई नगरपालिका कार्यालय सिन्धुली

# आ.ब.२०७४/०७५ को
## प्लान नेपालबाट प्राप्त रकम तर्फको वार्षिक बाँडफाड कार्यक्रम बिबरण

| आ.ब. २०७२/०७३ को यथार्थ आय रकम | आय शिर्षक | आ.ब. २०७३/०७४ को शंसोधित आय रकम | आ.ब. २०७४/०७५ को प्रस्तावित आय रकम | आ.ब. २०७२/०७३ को यथार्थ ब्यय रकम | ब्यय शिर्षक | आ.ब. २०७३/०७४ को शंसोधित ब्यय रकम | आ.ब. २०७४/०७५ को प्रस्तावित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ९६२२१६।०० | प्लान नेपालबाट प्राप्त अनुदान सहयोग | ७१८३६५।०० | ०० | ८८०८१५।०० | ४.०४ निकृष्ट बालश्रम उन्मुलन कार्यक्रम | ७१८३६५।०० | ०० |
| ०० | | ०० | ०० | ८१४०१।०० | बाकि रकम फिर्ता | ०० | ०० |
| ९६२२१६।०० | **कुल जम्मा** | ७१८३६५।०० | ०० | ९६२२१६।०० | **कुल जम्मा** | ७१८३६५।०० | ०० |

### कमलामाई नगरपालिका कार्यालय सिन्धुली आ.व.२०७४/०७५ को प्रस्तावित बार्षिक कार्यक्रम बिबरण ( सबै खाताको )

| आ.ब.२०७२/०७३को बास्तबिक आय रकम | आय शिर्षक | आ.ब.२०७३/०७४को शंसोधित आय रकम | आ.ब.२०७४/०७५ को प्रस्तावित आय रकम | आ.ब.२०७२/०७३को यथार्थ व्यय रकम | ब्यय शिर्षक | आ आ.ब.२०७३/०७४ को को शंसोधित ब्यय रकम | आ.ब.२०७४/०७५ को प्रस्तावित ब्यय रकम |
|---|---|---|---|---|---|---|---|
| ०० | १.१.१ मालपोत तथा भूमिकर | ०० | ०० | ७४६६९७०।८० | १.०१.१ तलव कर्मचारी | १०१४९०००।०० | १०६६५०००।०० |
| ९२६६२५।०७ | १.१.३ वहाल कर | ७५००००।०० | ८२५०००।०० | ८५०००००।०० | १.०१.३ कर्मचारी कल्याणकोष | १००००००।०० | १५०००००।०० |
| ४४६५९४।०० | १.१.४ विटौरी कर | ३९००००।०० | ४३००००।०० | १३९७७९८।०० | १.२.१ कर्मचारी भत्ता | २३४१०००।०० | २५३००००।०० |
| १०७७१७२।०० | १.१.५ व्यवसाय कर | ९७५०००।०० | १०७५०००।०० | १२८६००।०० | १.२.३ वैठक भत्ता | २२००००।०० | २९००००।०० |
| १०१४०।०० | १.१.६.१ सवारी दर्ता तथा वार्षिक सवारीकर | १३०००।०० | १४०००।०० | ११२००।०० | १.०३ सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता | ०० | ०० |
| ०० | १.१.६.२ पटके सबारी कर | ०० | ०० | २२५०००।०० | १.०४ पोशाक भत्ता | २२५०००।०० | २२५०००।०० |
| २५२६४३७७७ | १.१.७ सम्पती कर | २५०००००।०० | २७५००००।०० | ०० | १.०८ तालिम कार्यक्रम खर्च | ५००००।०० | १५००००।०० |
| ७५००।०० | १.१.८ मनोरन्जन कर | १००००।०० | १००००।०० | १००७९५६८।८० | कुल उपभोग खर्च | १३९८५०००।०० | १५३६००००।०० |
| ३६३००।०० | १.१.९ विज्ञापन कर | १२००००।०० | १३५०००।०० | १४६९११।०० | २.०१ पानी तथा विजुली महशुल | १६९०००।०० | २५००००।०० |
| ०० | **कुल जम्मा स्थानिय कर** | **४७५८०००।००** | **५२३९०००।००** | ११५१६३।११ | २.०२ संचार महशुल | २०००००।०० | २५००००।०० |
| ७३२०।०० | १.२.१ सबारी पार्किङ्ग शुल्क | ५४००००।०० | ६०००००।०० | ८८०१५८।०० | २.०३ कार्यालय संचालन सम्बन्धी खर्च | ११४५०००।०० | ११७००००।०० |
| ५१२५।२५ | १.२.४शार्बजनिक सुबिधा उपयोग सेवा शुल्क | १०००००।०० | १२५०००।०० | १०८०००।०० | २.०४ भाडा | १५५०००।०० | १७००००।०० |
| १७७६०।०० | १.२.६ अचल सम्पती मूल्याङ्कन सेवा शुल्क | ३५०००।०० | ३८०००।०० | २५१९३९।८९ | २.०५ मर्मत तथा सम्भार खर्च | ४५७०००।०० | ६०००००।०० |
| ३१२७५४।७५ | १.२.२ महशुल तथा सेवा शुल्क | २७५०००।०० | ३०००००।०० | ४२५४८५।०० | २.०६.२ सवारी इन्धन | ४६५०००।०० | ५६२०००।०० |
| ९७६३५।०० | १.२.९ सरसफाई शूल्क तथा अन्य शुल्क | २२५०००।०० | ०० | ४०१७८।०० | २.०६.३ अन्य इन्धन | ५००००।०० | ३५०००।०० |
| ०० | **कुल जम्मा सेवा शुल्क** | **११७५०००।००** | **१०६३०००।००** | ०० | २.०७.१ परामर्श शुल्क | १४००००।०० | १०००००।०० |
| ११५५८७।०० | १.३.१ दर्ता तथा नविकरण दस्तुर | १५००००।०० | २५००००।०० | १००००।०० | २.८.१ सदस्यता शुल्क | २००००।०० | २००००।०० |
| १६१९७२१।६४ | १.३.२ नक्सापास दस्तुर | १००००००।०० | ११०००००।०० | ०० | २.८.२ आर्थिक सहायता | ५०००।०० | ५०००।०० |
| ८०८८३५।०३ | १.३.३ सिफारिस तथा बक्सौनी दस्तुर | ५००००००।०० | ५५०००००।०० | १८०००।०० | २.८.३ पुरस्कार | १५००००।०० | १५५०००।०० |
| ८८८०९।०० | १.३.४ नाता प्रमाणित दस्तुर | १०००००।०० | १०००००।०० | १९५०००।०० | २.८.४ परिषद संचालन खर्च | १९५०००।०० | १९५०००।०० |
| ०० | **कुल जम्मा दस्तुर** | **६२५००००।००** | **६९५००००।००** | ३२९११७।०० | २.८.५ विविध खर्च | ३५००००।०० | ३५००००।०० |
| ४१११५७।०७ | १.७.१ दण्ड जरिवाना | ३०५०००।०० | ३३५०००।०० | **२५१९९५२।००** | **कुल कार्यालय संचालन खर्च** | **३५०१०००।००** | **३८६२०००।००** |
| २३८५४६७।०० | १.७.२ भाडा तथा वहाल वाट आय | ३७०००००।०० | ४१०००००।०० | ६९९८००।०० | ३.०४ सामाजिक सुरक्षा अनुदान | ५००५१०००।०० | ५५००००००।०० |
| ०० | १.७.२.१ ब्याक हो लोडर भाडा | ४०००००।०० | ४०००००।०० | ३२६०।०० | ४.०३ पुस्तक तथा सामाग्री | १२२००।०० | १००००।०० |
| ८२५००।०० | १.७.३ धरौटी जफत | २८५००।०० | १०००००।०० | २३५६७३१९।०० | ४.०४ कार्यक्रम खर्च ( बिभिन्न कार्यक्रम समेत ) | २०६३३३६५।०० | २१५२००००।०० |
| ४६३९२८।०० | १.७.५ पेश्की/बेरुजु फिर्ता | १५००००।०० | १५०००।०० | ४२२९७९।०० | ४.०४.१ ब्याक हो लोडर संचालन खर्च | ४०००००।०० | ४०००००।०० |
| ८२२५०९।२५ | १.७.६. अन्य विविध आय | ५४९५७०।९७ | ६०००००।०० | ४४३८५०।०० | ४.५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारी | ५४५०००।०० | ५७५०००।०० |
| | **कुल जम्मा अन्य आय** | **५१३३०७०।९७** | **५५५००००।००** | १७४७५३।०० | ४.०६ निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च | १५००००।०० | २८२०००।०० |
| २९४४०१७४।०० | २.१.१.१ शशर्त अनुदान नेपाल सरकार | ७०००६०००।०० | ९५८८७०००।०० | १९४८४८७।०० | ४.०७ नगरको सरसफाई फोहर मैला व्यवस्थापन खर्च | २६४१५५०।०० | ४००००००।०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४६५६०००।०० | २.१.१.२ निशर्त अनुदान नेपाल सरकार | ७६१४९०००।०० | ११९४६४०००।०० | ८२७३४०।०० | ४.०८ दमकल तथा एम्बुलेन्स सञ्चालन खर्च | ५०५०००।०० | ८१००००।०० |
| ६९९८००।०० | २.२.१.१ ससर्त अनुदान जि.वि.स. | ०० | ०० | ४८३९६५।०० | ४.०९ सडक बत्ती महशुल (जडान/मर्मत समेत) खर्च | ५४७८००।०० | ६५००००।०० |
| ३९३४८४५५।०० | २.३.१.१ अन्य निकायबाट प्राप्त अनुदान | ४१५०१५३।०० | ३०१५००००।०० | ६०६४२।०० | १२ फिर्ता खर्च | ६५००००।०० | ९३००००।०० |
| ०० | ३.१.२ बिक्री वाट बाडफाड जि.बि.स | ०० | ०० | ३२३५५०००।०० | ९.०१ भैपरि आउने खर्च/भुकम्प पिडित राहत बितरण | ५००००।०० | ५००००।०० |
| १०९५८४५६।०० | ८.१.१ जनसहभागिता /लागत सहभागिता | २९२११८१।०० | १५००००००।०० | ६०९८७३९५।०० | **कुल अनुदान र सेवा खर्च** | **७६१८५९१५।००** | **८४२२७०००।००** |
| १८९८१०००।०० | ८.१.२ लागत सहभागिता नगर पुर्बाधार कार्यक्रम | १७४६६०००।०० | ०० | ६३१०९।०० | ६.०१ फर्निचर खरिद | ८००००।०० | ७५०००।०० |
| **००** | **कुल जम्मा बाह्य श्रोत** | **१७०६९२३३४।००** | **२४७००१०००।००** | ०० | ६.०२ सबारी साधन | ४८५४७७५।०० | ०० |
| ७८५१७७५।०० | मालपोत रजिष्ट्रेशन बापत | १००००००००।०० | १६३८००००।०० | ३४२१६३।०० | ६.०३ मेसिनरी औजार तथा उपकरण खरिद | १७००००।०० | २०००००।०० |
| ११४९०८।०० | शुरु मौज्दात | ६७३७२२६।०३ | ०० | ०० | ६.०४ भवन निर्माण | १००००००००।०० | ५००००००००।०० |
| ०० | | ०० | | ५८०९७९२८।९९ | ६.०५ शार्बजनिक निर्माण खर्च (म्याचिङ्ग अनुदान समेत ) | ९५३६८९४१।०० | १२७८५९०००।०० |
| ०० | | ०० | | ६०५६८०।०० | ६.०७ अध्ययन तथा पुजिगत प्राबिधिक परामर्श सेवा | ६०००००।०० | ६०००००।०० |
| ०० | | ०० | | **५९१०८८८०।९९** | **कुल पुजि निर्माण खर्च** | **१११०७३७१६।००** | **१७८७३४०००।००** |
| ०० | | ०० | | १३९४३७३।०० | को.ले.नि.का.फिर्ता | ०० | ०० |
| ०० | | ०० | | ८१४०१।०० | प्लान नेपाल फिर्ता | ०० | ०० |
| ०० | | ०० | | १०१४८८७५।०४ | बैक बाकि मौज्दात बिशेष कोष समेत | ०० | ०० |
| **१४४३२०४४५।८३** | **कुल जम्मा आय** | **२०४७४५६३१।००** | **२८२१८३०००।००** | **१४४३२०४४५।८३** | **कुल जम्मा ब्यय** | **२०४७४५६३१।००** | **२८२१८३०००।००** |

## आ.ब.२०७४/०७५ को लागि प्रस्तावित आय अनुमान खातागत

| सि.नं. | कार्यक्रमको नाम | ब.उ.शि.नं. | प्रस्तावित आय अनुमान रकम |
|---|---|---|---|
| १ | स्थानिय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम | ३६५८१९३ | ६५००००००।०० |
| २ | नगरपालिका अनुदान | ३६५८०३३ | ११९४६४०००।०० |
| ३ | बाताबरणमैत्री स्थानिय शासन कार्यक्रम | ३६५८४६३ | १२७५००००।०० |
| ४ | सामाजिक सुरक्षा कार्यक्रम | ३६५०१५३ | ५५००००००।०० |
| ५ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | ३६५८१७३ | १९१३७०००।०० |
| ६ | फोहोरमैला व्यबस्थापन प्राविधिक सहयोग | ३६५१५४३ | २५००००००।०० |
| ७ | सडकबोर्ड कार्यक्रम | | ६००००००।०० |
| ८ | मालपोत रजिष्ट्रेशन | | १६३८००००।०० |
| ९ | शहरी स्वास्थ्य कार्यक्रम | | १२००००००।०० |
| १० | आन्तरीक श्रोत | | २०३०२०००।०० |
| ११ | अन्य निकाय/अन्य श्रोत | | २२९५००००।०० |
| | **कुल जम्मा** | | **२८२१८३०००।००** |

**शंशोधित व्यय तर्फ**

कुल जम्मा उपभोग खर्च रु.१३९८५०००.०० प्रतिशत ६.८३%

कुल कार्यालय संचालन  खर्च रु.३५०१०००.०० प्रतिशत १.७१%

कुल अनुदान र सेवा खर्च  रु.७६१८५९१५.०० प्रतिशत ३७.२१%

**प्रस्तावित व्यय तर्फ**

कुल जम्मा उपभोग खर्च रु.१५३६००००.०० प्रतिशत ५.४४ %

कुल कार्यालय संचालन खर्च रु.३८६२०००.०० प्रतिशत १.३७ %

कुल अनुदान र सेवा खर्च रु.८४२२७०००.०० प्रतिशत २९.८५%

कुल पुजि निर्माण खर्च रु.१११०७३७१६.०० प्रतिशत ५४.२५%

**कुल जम्मा रु.२०४७४५६३१.०० प्रतिशत १०० %**

कुल पुजि निर्माण खर्च रु.१७८७३४०००.०० प्रतिशत ६३.३४%

**कुल जम्मा रु.२८२१८३०००.०० प्रतिशत १०० %**

70. प्रमुख एवं कार्यकारी अधिकृतबाट २२ औं नगरपरिषद समक्ष पेश भएको यस नगरपालिकाको आ.व. ०७४/०७५ को लागी देहाय बमोजिमको वार्षिक नीति, कार्यक्रम तथा वजेट स्वीकृत गर्ने ।

प्रमुख अतिथि व्यवस्थापिका संसद अन्तर्गत कृषि तथा जलश्रोत समितिका सभापति माननिय सांसद मोहन प्रसाद बरालज्यू, विशिष्ट अतिथि माननीय सांसद गणेश कुमार पाहाडीज्यू, श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, श्रीमान् स्थानीय विकास अधिकारीज्यू, जिल्ला स्तरिय राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, विभिन्न कार्यालयका प्रमुख एंव प्रतिनिधिज्यूहरु, नगरस्तरिय राजनैतिक दलका प्रतिनिधीज्यूहरु, क्याम्पस प्रमुखज्यूहरु, स्थानीय शान्ती समितिका संयोजकज्यू, पूर्व नगरउपप्रमुख एंव पूर्व निर्वाचित जनप्रतिनिधिज्यूहरु, उद्योग वाणिज्य संघ तथा जिल्ला युवा समिति र पत्रकार महासंघ सिन्धुलीका अध्यक्ष एवं पदाधिकारीज्यूहरु, सुपरिवेक्षण तथा अनुगमन समितिका सदस्यज्यूहरु, एकिकृत योजना तर्जुमा समितिका संयोजक एवं सदस्यज्यूहरु, नगरस्तरिय शान्ति समितिका संयोजकज्यू, महिला, अदिवासी, जनजाति, दलित, अपांग र वालबालिकाका नगर समन्वय समितिका पदाधिकारीज्यूहरु, वडा नागरीक मञ्चका अध्यक्ष एवं सम्पूर्ण सदस्यज्यूहरु, गैर सरकारी एंव सामूदायिक संघसंस्थाका प्रमुख एंव प्रतिनिधि, टोल विकास संस्थाका अध्यक्ष एंव सदस्यहरु, फोहरमैला व्यवस्थापन समितिका अध्यक्ष एंव सदस्यज्यूहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, संचारकर्मी तथा कर्मचारी मित्रहरु उपस्थित सम्पूर्ण महिला तथा सज्जनबृन्दप्रति यस गरिमामय समारोहमा हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । यसै गरी यस पावन अवशरमा म राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीरशहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

**आदरणीय महानुभावहरु,**

नगरपालिका घोषणा भएको २० औं वर्षसम्म पनी यस नगरपालिकाको भौतिक पूर्वाधार विकासको अवस्था अत्यन्त दयनिय रहेको व्यहोरा उपस्थित सबैमा जगजाहेर नै छ । नगर परिषदबाट वजेट विनियोजन गर्दा नगरपालिका अनुदान वापत प्राप्त हुने निशर्त अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त मालपोत रजिष्ट्रेसन वापतको रकमलाई जनसंख्या तथा क्षेत्रफलको आधारमा समानुपातिक रुपमा विनियोजन गर्ने परिपाटीलाई शुरुवात गरिएको छ । यसबाट वडामा जाने वजेटमा रहेको विभेद अन्त्य हुने विश्वास लिइएको छ । यसैगरी एकीकृत सम्पत्ती करको रकमलाई सम्बन्धित वडामा नै खर्च गर्ने परिपाटीको समेत शुरुवात गरिएको छ ।

नगरले गत आ.व. का विभिन्न कार्यक्रममा प्राप्त गरेको प्रगति, नगरपालिकाबाट विकास निर्माणको सन्दर्भमा गरिएको निरन्तर प्रयास तथा आ.व. ०७१/०७२ को न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) मा उत्कृष्टता को कारणबाट चालु आ.व. मा नगरपालिकामा प्राप्त हुने अनुदान रकममा वृद्धि भएको छ, उल्लेखित सबै कार्यहरुमा सहयोग पुर्‍याउनु हुने राजनीतिक दलहरु, सामाजिक संघ संस्था, समाज सेवी, वुद्धिजीवी, उद्यमी तथा सञ्चारकर्मी मित्रहरु लगायत समस्त आदरणीय नगरवासीहरु र कार्य सम्पादनलाई प्रभावकारी बनाउन अहोरात्र खटिने सहकर्मी कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**आदरणीय प्रमुख अतिथी, विशिष्ट अतिथी तथा उपस्थित महानुभावहरु,**

२१ औं नगरपरिषद पश्चात मिति २०७३/९/२० सम्मको नगरपालिका बोर्ड बैठकबाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्दै र २०७३ असोज २० गते सम्पन्न विशेष नगरपरिषदबाट भएका निर्णयहरुको स्वामित्व ग्रहण गर्दै म नगरपालिकाले यस आ.व.मा संचालन गर्न लागेका प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

1. वडा नं. ३, ८ र १३ का नगरवासीहरुले विद्युत सेवाको उपयोग गर्न नपाउनु जस्तो विडम्बनालाई अन्त्य गर्नको लागी विनियोजित रु. १ करोडबाट विद्युतिकरण मार्फत ***उज्यालो वडा कार्यक्रम*** लाई अगाडी बढाउनको लागी नेपाल विद्युत प्राधिकरण, सिन्धुली वितरण केन्द्रको सहयोगमा सर्भेक्षण तथा लागत अनुमान तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।

2. यसै आ.व. देखि प्रतिष्पर्धात्मक लागत सहभागितामा योजना कार्यान्वयन गर्ने परिपाटीको शुरुवात गरी संगमचोक-शाखाजोर सडक स्तरोन्नति तथा वडा नं.-४, मधुटार प्लानिङ् कालोपत्रे सडक निर्माण कार्य उपभोक्ता समितिको ४०% नगद लागत सहभागितामा कार्यान्वयन गर्ने गरी उपभोक्ता समितिसँग योजना सम्झौता भई कार्य अगाडी बढाई सकिएको छ ।

3. विभिन्न संघ संस्थाहरुको सहकार्यमा वडा नं. ३, ५, ८, ९, १०, १२, १३, १४, १६ गरी ९ (नौ) वटा वडालाई निकृष्ट बालश्रम मुक्त वडा घोषणा गरिएको छ भने बाँकी रहेका ४ वटा वडाहरुलाई पनि निकृष्ट बालश्रम मुक्त वडा घोषणा गरी चालु आ.व.मा नै निकृष्ट बालश्रम मुक्त नगर घोषणा गर्ने लक्ष्यका साथ कार्य अगाडी बढाइएको छ ।

4. नगर विकास कोषसँग ऋण तथा अनुदान सहयोग लिई वडा नं. ३, ८ र १३ लाई सडक संजालमा जोडि यी वडाहरुमा बाह्रै महिना यातायात सुविधा पुर्‍याउने लक्ष्यका साथ आवश्यक संरचना (नाला, रिटेनिङ्वाल लगायत) निर्माणका लागी रु. १ करोड २० लाख विनियोजन गरि लागत अनुमानको कार्य सम्पन्न भई उपभोक्ता समिति दर्ता गर्ने प्रकृयामा रहेको छ ।

5. वडा नं. ९ को ढुङ्गेवास क्याम्पसचोक देखि हिरापानी सडक कालोपत्रे कार्यको लागी रु. ९२ लाख १६ हजार विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडी बढाई सकिएको छ ।

6. नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १ करोड ६ लाख ६५ हजारको लागतमा बसपार्क निर्माण, ७१ लाख ५० हजारको लागतमा ल्याण्डफिल साइट तथा ७१ लाख ५० हजारको लागतमा नै भिमान हाटबजार निर्माण तथा संरक्षणको कार्य अगाडी बढाई सकिएको छ ।

7. यस नगरपालिका क्षेत्रभित्र फोहरमैला व्यवस्थापन तथा शान्ति सुरक्षामा सहयोग पुर्‍याउने उद्देश्यका साथ नगरपालिकाको रु. १० लाखको लागत सहभागितामा मुख्य बजार क्षेत्रमा सि.सि.क्यामेरा राख्ने कार्य सम्पन्न भई सकेको छ । यस कार्यमा जिल्ला विकास समिति, उद्योग वाणिज्य संघ। नेपाल प्रहरी समेतको सकृय सहभागिता रहेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

8. सिन्धुली गढीको ऐतिहासिक महत्वलाई उजागर गरी प्रचार, प्रसार गर्न र पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यका साथ प्रथम हाफ म्याराथुन प्रतियोगिता सम्पन्न भएको साथै उक्त प्रतियोगिताले नगरपालिकाले लिएको उद्देश्य सफल भएको महशुस भएको छ

9. नगरपालिकाक्षेत्र भित्रको फोहरमैलाको उचित व्यवस्थापन कार्य गर्नको लागी निजी तथा गैर सरकारी संस्थाको भूमिकालाई अभिवृद्धि गर्ने हेतुले नगरपालिकाको हितलाई ध्यानमा राखी सार्वजनिक निजी साझेदारी (PPP) प्रकृयाबाट फोहर व्यवस्थापनको कार्य अगाडी बढाईएको छ ।

10. नगरपालिकाभित्र संचालन हुने हरेक कार्यक्रम/क्रियाकलापको कार्यान्वयन गर्दा उपभोक्ताहरुले अपनत्व महशुस गरुन् भन्ने उद्देश्यका साथ लागत सहभागितामा अनिवार्य रुपमा न्यूनतम १५% नगद लागत सहभागिताको व्यवस्था लाई कडाईका साथ लागु गरिएको छ ।

11. फोहरमैला तथा सरसफाई व्यस्थापन कार्यमा नागरिकहरुको सहभागीतालाई अभिबृद्धि गरी चालु आ.व.मा नै केही टोलहरुलाई फोहरमैला तथा सरसफाई व्यवस्थापनमा नमूना टोलको रुपमा स्थापित गर्दै समग्र नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगरपालिका बनाई फोहर व्यवस्थापनमा नमूना नगरको रुपमा पहिचान गराउने प्रयासका साथ टोल टोलमा सरसफाई समूह गठनको कार्य भईरहेको छ ।

12. नेपाल सरकारबाट प्राप्त अनुदानबाट नगरपालिकाको कार्यालय भवन निर्माणको लागी माटो परिक्षणको कार्य सम्पन्न भईसकेको छ भने डिजाइनको कार्य अन्तिम चरणमा रहेको छ। भवनको डिजाइन गर्दा नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने उद्देश्यका साथ भूई तला र सो भन्दा मुनी पसल कबल तथा पार्किङको व्यवस्था गर्न परामर्शदातालाई सुझाव दिईएको छ ।

**आदरणीय उपस्थित महानुभावहरुः**

अव म यस सम्मानित समारोहका विच २२ औं नगरपरिषद्को निर्णयले स्वीकृत गरेका आगामी आ.व. २०७४/२०७५ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु। प्रस्तुत क्षेत्रगत नीतिहरु प्रस्ताव गर्दा २१ औं नगरपरिषद्बाट स्वीकृत एवं चालु आ.व.मै कार्यान्वयन गर्न आवश्यक देखिएका माथि उल्लेखित बाहेकका केही थप नीति तथा कार्यक्रमहरु समेत प्रस्ताव गर्न चाहान्छु ।

**क) योजना तथा शहरी विकास**

१) सहभागितात्मक योजना तर्जुमाको चरणहरु पूरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतीक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

२) योजनाहरुमा जनसहभागीता एंव लागत सहभागीताको पक्ष न्यून बन्दै गईरहेको तथा आयोजनामा उपभोक्ताहरुको अपनत्व भावना कम हुँदै गएको सन्दर्भमा लक्षित वर्गबाट कार्यान्वयन हुने भन्दा बाहेकका अन्य आयोजनाहरुमा अनिवार्य रुपमा न्यूनतम १५% नगद लागत सहभागितालाई कडाईका साथ लागु गरिने छ ।

३) सडक वत्तीको दिर्घकालिन व्यवस्थापनको लागी नमूनाको रुपमा यसै आ.व.मा मुख्य बजारक्षेत्रमा टोल विकास संस्थाको लागत सहभागीतमा सोलार सडक वत्ती जडान गरिनेछ र सो कार्यलाई स्थानीय टोल विकास संस्था तथा सरोरकारवालाहरुको सहकार्यमा विस्तार गरिनेछ ।

४) आ.व.को फाल्गुण मसान्तसम्ममा सम्झौता हुन नआएका योजनाहरुलाई बढी लागत सहभागीता हुने योजनाहरुमा प्राथमिकताका साथ कार्यक्रम संशोधन गरी कार्यान्वयन गरिनेछ ।

५) नगरक्षेत्रभित्रका सडकहरु कालोपत्रे कार्य गर्नको लागी उल्लेख्य वजेट विनियोजन गरिएको छ ।

६) नगरपालिकाले विगत आ.व.मा लिएको 7-Spot नीतिको निरन्तरता स्वरुप नगरपालिकाको नामाकरण भएको प्रसिद्ध कमलामाईको उद्‌गमस्थलमा मन्दिर निर्माण, वडा नं. ३, ८, र १३ मा सडक स्तरोन्नति कार्य तथा कमलामाई मन्दिरको क्षेत्रमा बोटानिकल गार्डेन निर्माणको कार्यलाई प्राथमिकताका अगाडी बढाइनेछ ।

७) फोहरमैला विसर्जन तथा प्रशोधनस्थल निर्माण तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ ।

८) योजना तर्जुमा प्रकृयाका हरेक चरणको पुर्णरुपमा परिपालना गर्नुका साथै प्रतिस्पर्धात्मक रुपमा लागत सहभागिता सुनिश्चित भई आएका योजनाहरुको सुची तयार गरी त्यस्ता योजना मध्ये कम्तिमा ४० प्रतिशत भन्दा बढी लागत सहभागिता सुनिश्चित भई आएका तुलनात्मक लाभका योजना छनौटमा बिषेश जोड दिइने छ ।

९) चालु आ.व.मा नै नगरपालिकाको आवधिक योजना र शहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा नगर भू-उपयोग योजना तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिनेछ ।

१०) वि.पि. राजमार्ग र हेटौंडा चतरा सडक मार्गको नगरपालिका क्षेत्रभित्रको खण्डमा देखिएको समस्यालाई समाधान गर्नको लागी नगरवासीहरुको भावना अनुसार नगरपालिका क्षेत्रभित्रको सडक खण्डलाई शहरी सडकमा परिवर्तन गर्न सम्बन्धित निकायमा आवश्यक थप पहल गरिनेछ ।

११) नगरक्षेत्रभित्रका सार्वजनिक जग्गाहरु पहिचान गरी सोको संरक्षण गर्ने नीति अनुरुप सो कार्यको लागी आवश्यक वजेट विनियोजन गरिएको छ ।

१२) भूकम्पबाट प्रभावित नगरवासीहरुले भवन निर्माणको लागी नेपाल सरकारबाट स्वीकृत नमूना अनुसारका भवन निर्माण तथा भूकम्प प्रतिरोधी भवन निर्माण गर्दा नक्सापासको क्रममा लाग्ने नक्सापास दस्तुरमा शतप्रतिशत छुट दिने व्यवस्था गरिएको छ साथै नक्सा डिजाइन गर्दा प्राविधिक परामर्श शुल्कमा एकरुपता कायम गर्नको लागी निर्धारण गरिएको शुल्क भन्दा बढी लिएको पाइएमा निजको अनुमतिपत्र रद्द गरी कारवाहीको प्रकृया अगाडी बढाइनेछ ।

**ख) सामाजिक विकास**

१) लक्षित वर्गका व्यक्तिहरुको प्रशासनिक क्षेत्रमा सहभागिता वृद्धि गरी दक्ष जनशक्तिको विकास गर्नको लागी सबै लक्षित वर्ग तर्फ लोकसेवा तयारी कक्षा संचालनको गरिनेछ ।

२) बालबालिका संरक्षण कोषको स्थापनाको साथै बालबालिकाहरुको वस्तुगत विवरण तयारी तथा बालमैत्री नीति, रणनीति र कार्ययोजना निर्माण, विद्यालय जान नसकेका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहन गर्ने, अन्तर विद्यालय अतिरिक्त कृयाकलाप संचालन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३) जेष्ठ नागरिकहरुको लागी सचेतना तथा प्रत्येक वडामा जेष्ठ नागरिकको योगदानको कदर गर्दै जेष्ठ मध्येको जेष्ठ नागरिक एक जनालाई सम्मान कार्यक्रम सम्पन्न गरिनेछ ।

४) अपाङ्ग लक्षित गरि छिटो प्रतिरोधात्मक अभिमुखिकरण लगायतका विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

५) लोप हुन लागेका हाम्रा कला संस्कृतिहरुको जगेर्ना तथा प्रबर्द्धन र प्रचार प्रसारमा टेवा पुर्याउने उद्देश्यले पञ्चेबाजा तथा मादल, मुरली जस्ता लोपोन्मुख बाजा संरक्षण तथा प्रबर्द्धन र होमस्टे संचालन सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने नीति लिइएको छ ।

६) बेरोजगार युवाहरुलाई उत्पादन मुलक कार्यमा सहभागी गराउनको लागी स्वरोजगार कार्यक्रमलाई अगाडी बढाइनेछ ।

७) सामाजिक सुरक्षा भत्तालाई Online प्रणालीमा लगी बैंक मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिनुको साथै प्रभावकारी तथा सहज बनाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ भने व्यक्तिगत घटना दर्ताको कार्यमा Online प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ ।

८) नगरक्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुले कार्यक्रम कार्यान्वयन गर्दा बढी भन्दा बढी भौतिक पूर्वाधारमा कार्य गर्ने संस्थालाई प्रत्साहित गरिनेछ ।

९) पूर्ण साक्षर नगर घोषणालाई प्राथमिकता साथ अगाडी बढाइने छ ।

**ग) वातावरण, स्वास्थ्य तथा खेलकूद नीति**

१) नगरपालिकाको प्रयासबाट मात्र पूर्ण सरसफाई नगर बनाउन सम्भव नहुने भएकोले स्थानीयस्तरमा गठित टोल विकास संस्था तथा सरसरफाई समूहको भुमिकालाई प्रभावकारी बनाईनेछ साथै खुल्ला दिसामुक्त नगर घोषणा गरिनेछ ।

२) नगरको सौन्दर्यता कायम गर्न फुटपाथमा निर्माण सामाग्री तथा व्यापारिक वस्तु राख्ने उपर कडा कारवाही गर्ने नीति अबलम्वन गरिनेछ । शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्न आवश्यक समन्वय तथा सहकार्यमा जोड दिइने छ ।

३) विगत वर्ष देखि शुरु गरिएको ग्वाङ्खोला सफाई तथा अन्य सरसफाई अभियानलाई निरन्तरता दिइने छ ।

४)	नगरपालिका क्षेत्र भित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङकन र Bio- Engineering को प्रविधि अवलम्वन गरिनेछ ।

५)	सिन्धुलीगढी विजय दिवसको दिनमा यस आ.व देखि शुरु गरिएको हाफ म्याराथुन प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

५)	जनस्वास्थ्यसँग सम्वन्धित कार्यक्रमहरुलाई नगर क्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला स्वास्थ्य कार्यालय र अन्य स्वास्थ्य सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

६)	वातावरणमैत्री तथा पूर्ण खोपयुक्त वडा घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडी बढाइने छ ।

**घ)	सूचना तथा संचार नीति**

१)	यस नगरपालिका स्थित सामुदायीक रेडियो, पत्रपत्रिका र केवल T.V. नेटवर्कको संरक्षण एंव प्रर्वद्धन गर्नको लागी संस्थागत विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

२)	स्थानीय पत्रिका F.M. रेडियो, केवल T.V. र टेलीभिजनहरु मार्फत नगरका गतिविधिहरु आवश्यकता अनुसार, प्रकाशन, एंव प्रसारण गरिनेछ ।

३)	नगरपालिकाले आफनै Webpage, Facebook जस्ता सामाजीक संजालहरु मार्फत भए गरेको काम कारवाहीहरुलाई अवगत गराउने र नगरवासी र यससंग सरोकार राख्नु हुनेहरु उपर यसै मार्फत सल्लाह सुझाव प्राप्त गर्ने आधारको रुपमा विकास गरिनेछ भने नगरपालिकाको गतिविधीहरुलाई आम नगरवासीहरु समक्ष पुऱ्याउने उद्देश्यले Mobile App तयार गरी प्रयोगमा ल्याइनेछ ।

**ङ)	सार्वजनिक नीजि साझेदारी नीति**

१)	पर्यटन पुर्वाधार विकास , फोहरमैला तथा सरसफाई व्यवस्थापनको कार्य र उद्योग तथा वाणिज्य संघसँग सम्बन्धित पुर्वाधार विकासका लागी उद्योग वाणिज्य संघसँगको सहकार्य एंव सार्वजनिक नीजि साझेदारीको अवधारणालाई कार्यान्वयनमा लगिनेछ ।

२)	व्यवसाय कर पुनरावलोकन, वसपार्क प्रवेश  तथा पार्किङ शुल्क, हाटबजार व्यवस्थापन, महोत्सव आयोजना जस्ता कार्यहरुमा सिन्धुली उद्योग वाणिज्य संघ तथा आवश्यकता अनुसार अन्य निजी क्षेत्रसँगको सहकार्यमा जोड दिईनेछ ।

**च)	सुशासन तथा संगठन विकास नीति**

१)	अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपर्युक्त प्रक्रियाबाट तत्काल पदपूर्तिको प्रकृया अगाडी बढाइनेछ साथै संयुक्त वडा कार्यालयहरुको स्थापना गरिनेछ ।

२)	नगरपालिकाको संस्थागत क्षमता बृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

३)	उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, समाजिक परिचालक, करदाता, टोल विकास संस्था, जग्गादाता आदीलाई पुरस्कृत तथ सम्म्मानित गर्ने पद्दतीलाई निरन्तरता दिईनेछ ।

४)	संचालित योजनाहरुमा अपनत्व महशुस होस्, पारदर्शिता तथा गुणस्तर कायम होस् भन्ने भावनाको विकास गराउनको लागी राम्रो काम गर्ने उपभोक्ता समितिलाई सम्मान गर्ने पद्धतीको शुरुवात गरी सोलाई निरन्तरता दिइनेछ ।

५)	शाखागत रुपमा सम्पादन भएका कार्यहरुको मासिक तथा कार्यालयमा कर्मचारी अनुपस्थित हुँदा सेवाग्राहीलाई जानकारी होस् भन्ने अभिप्रायले डिस्प्ले बोर्डको व्यवस्थालाई अझ प्रभावकारी र नियमितता दिईनेछ ।

**छ)	आर्थिक प्रशासन तथा राजश्व परिचालन**

१)	समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखापरीक्षण) लाई सवल, सक्षम, मितव्यती, प्रभावकारी उत्तरदायि र नतिजामुखी तुल्याउन आवश्यक प्रयासहरु गरिनेछ ।

२)	एकिकृत सम्पत्ति करबाट उठेको ६० प्रतिशत रकम सम्बन्धित वडाको वडा भेलाले सोही रकमबाट खर्च गर्ने गरी छनौट गरेका योजनामा मात्र खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

३)	नगरपालिकाको आन्तरिक आयलाई अभिवृद्धि गर्ने किसिमका कार्यहरु जस्तै करदाता शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरु टोल स्तरमा संचालन गरिनेछ ।

**आदरणीय महानूभावहरु,**

अव म चालु  आ.व. २०७३/२०७४ को संशोधित अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर समेत जम्मा रु. १ करोड ९९ लाख ६५ हजार संशोधित अनुमान गरिएको छ । सो मध्येबाट चालु तर्फ १ करोड ५० लाख १५ हजार रुपैया संशोधित खर्च अनुमान गरिएको छ ।

नेपाल सरकार नगरपालिका अनुदान तर्फ रु. ८७ लाख ३२ हजार, वातावरण मैत्री स्थानिय शासन कार्यक्रम तर्फ रु. १ करोड १२ लाख ९० हजार, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु. ६३ लाख ६५ हजार, सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. ५

करोड ५१ हजार, मालपोत रजिष्ट्रेसन तर्फ रु. ५ लाख, शहरी स्वास्थ्य कार्यक्रम तर्फ रु. १० लाख, प्लान नेपालबाट निकृष्ट वालश्रम उन्मुलनका लागी रु. ७ लाख १८ हजार समेत गरी चालु आय रु. ७ करोड ८६ लाख ५६ हजार संशोधित अनुमान गरीएको छ।

त्यसै गरी पुजिगत तर्फ नेपाल सरकार निर्शत अनुदान रु. ६ करोड ७४ लाख १७ हजार, शर्शत अनुदान रु. १ करोड ७४ लाख ६६ हजार, राजश्व वाडंफांड रु. १ करोड १९ लाख ७३ हजार, फोहरमैला व्यवस्थापन रु २३ लाख, सडकवोर्ड नेपाल रु. ६९ लाख ६८ हजार, आन्तरीक श्रोत ४९ लाख ५० हजार गरी पूजिगत तर्फ अनुमान ११ करोड १० लाख ७४ हजारको सशोधित अनुमान गरिकोछ। चालु र पूजिगत दुवै गरी कूल बजेट रु. २० करोड ४७ लाख ४५ हजार सशोधित आय अनुमान गरिएको छ।

**आदरणीय महानूभावहरु,**

अव म २२ औं नगरपरिषद्ले स्वीकृत गरेको आ.व. २०७४/२०७५ को लागि अनुमानित आय तथा व्ययको विवरण/बजेट प्रस्तुत गर्न चाहन्छु।

**आय तर्फः**

आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर समेत जम्मा रु. १ करोड ८८ लाख २ हजार अनुमान गरिएको छ। नेपाल सरकारको निशर्त, सशर्त तथा अन्य आय समेत २६ करोड ३३ लाख ८१ हजार गरी जम्मा २८ करोड २१ लाख ८३ हजार आय अनुमान प्रस्तावित गरिएको छ। जुन चालु आ.व. को संशोधित आय अनुमान भन्दा ३७.८२ प्रतिशतले बढी छ।

**व्ययतर्फ**

चालुगत खर्चमा उपभोग खर्च तर्फ १ करोड ५३ लाख ६० हजार, संचालन सेवा खर्च रु. ३८ लाख ६२ हजार, सेवा तथा कार्यक्रम खर्च रु. ८ करोड ४२ लाख २७ हजार, जम्मा चालु खर्च रु. १० करोड ३४ लाख ४९ हजार रहेको छ। पुंजिगत खर्च तर्फ रु. १७ करोड ८७ लाख ३४ हजार अनुमान गरिएको छ। जुन चालु आ.व. को संशोधित पुँजिगत व्यय अनुमान भन्दा ६०.९२ प्रतिशतले बढी छ।

(यसको विस्तृत विवरण अनुसूचीमा संलग्न छ)

**आदरणीय उपस्थित महानुभावहरुः**

योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन, यसको लक्ष्य एंव उद्देश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एंव मूल्याङकन जरुरी हुन्छ। यसका साथै संस्थागत, नीतिगत कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन। उपरोक्त नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सदाभैं सम्पूर्ण नगरवासीहरु एवं सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह, सुझाव एंव सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा, नगरका गतिविधीहरुमा हरबखत अमूल्य सुझावका साथ सहयोग गर्नु हुने जिल्ला तथा नगरस्तरिय राजनैतिक दलका पदाधिकारी एंव प्रतिनधिज्यूहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, गैर सरकारी, सामुदायीक तथा निजि क्षेत्रका संघसंस्था, व्यवसायी, उद्यमी समाजसेवी बृद्धिजिवी, संचारकर्मी लगायत सहकर्मी कर्मचारी साथिहरुको विकास प्रतिको एकता, संवेदनसिलता, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु बीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अन्त्यत महत्वपूर्ण उपलब्धी हुन आएकाले वहांहरु सबैप्रति हार्दिक आभार एंव कृतज्ञाता प्रकट गर्दछु। हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू लगायत अतिथिज्यूहरु र अन्य सम्पूर्ण उपस्थित महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ! नमस्कार !